लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक २२७, काठमाडौं, बुधबार १३ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Wednesday 27 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,



ग्राहक प्रति

प्रहरीले ज्यादती गरेको... पृष्ठ ६

# नाकाबन्दी केही दिनमै हट्छ : प्रधानमन्त्री

## स्थिति सहज नभई भारत भ्रमणमा नजाने अडान

**राजधानी समाचारदाता**
काठमाडौं, १२ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनभित्रै नाकाबन्दी हट्ने विश्वास व्यक्त गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार सम्पादक र केही वरिष्ठ पत्रकारसँगको अन्तर्क्रियामा प्रधानमन्त्री ओलीले एक/दुई दिनभित्रै नाकाबन्दी अन्त्य हुने विश्वास व्यक्त गरेका हुन् ।

'नाकाबन्दी घोषित रूपमा लागेकै होइन, आफैं लागेको हो, जसरी लागेको थियो, त्यसरी नै खुल्ने हो, त्यसैले अब एक/दुई दिनमै नाकाबन्दी खुल्छ भन्ने विश्वास छ,' प्रधानमन्त्री ओलीले भने, 'संविधान संशोधन भइसकेको छ, त्यसैले राजनीतिक दलहरूको जिम्मेवार प्रवृत्तिमा मलाई विश्वास छ, मित्रहरूको मित्रतामा पनि मलाई विश्वास छ ।' प्रधानमन्त्री



ओलीले कहिलेकाहीँ आफ्नो विश्वासमा ठेस लाग्ने गरेको भन्दै यसअघि नाकाबन्दी खोलेर आपूर्ति व्यवस्था सहज नभएको संकेत दिए । 'मेरो विश्वासमा ठेस लाग्ने गरेको भए पनि यस पटक राजनीतिक दलहरूको प्रवृत्ति र मित्रहरूको मित्रतामा विश्वास छ,' प्रधानमन्त्रीले भने ।

उनले वर्तमान सरकारले नाकाबन्दी खुलाउन सबै प्रयास गरेको भन्दै अब आन्दोलनरत दलहरूले आफ्नो मुद्दा बचाइराख्न देश र जनतालाई थप संकटमा पार्न नहुने प्रस्ट पारे । 'नाकाबन्दी नखोल्नुपर्ने कुनै कारण छैन । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा कुरा भएका छन् । आन्दोलनकारीसँग पनि कुरा भएको छ । अब आफ्ना मुद्दा अर्काले लैजान्छन् कि भनेर नाकाबन्दीलाई राखिरहनुपर्छ भन्ने लाग्दैन,' प्रधानमन्त्रीले भने । उनले संविधान संशोधन भइसकेको अवस्थामा अब परिदृश्य गोलमाल नभई स्पष्ट हुने बताए ।

प्रधानमन्त्री ओलीले मुलुकको अवस्था सामान्य नभई छिमेकी मित्रराष्ट्र भारतको भ्रमण नगर्ने उद्घोष पनि गरे । 'अवस्था सामान्य नभईकन भ्रमण गर्नु वाञ्छनीय हुँदैन,' प्रधानमन्त्री ओलीले भने । नेपाल र भारत सरकारबिच फेब्रुअरी तेस्रो साता प्रधानमन्त्री ओलीले भारत भ्रमण गर्ने गृहकार्य भइरहेको छ । सोही सन्दर्भमा प्रधानमन्त्री ओलीले नाकाबन्दी अन्त्य भई आपूर्ति व्यवस्था सहज भएपछि मात्रै आफूले भारत भ्रमण गर्ने जनाउ दिएका हुन् ।

प्रधानमन्त्री ओलीले प्रमुख प्रतिपक्ष कांग्रेसलाई पनि सरकारमा सहभागी गराउने पहल गर्ने जानकारी दिए ।

(बाँकी पृष्ठ २ मा)

## मोर्चाले भन्यो- पुनर्विचार हुन सक्छ

**काठमाडौं/रास-** संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका दुई घटक तराई मधेस सद्भावना पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टीका नेताहरूले १८ माघपछि नाका अवरोध हटाएर आन्दोलनको स्वरूप परिवर्तन हुन सक्ने बताएका छन् ।

तराई मधेस सद्भावना पार्टीका अध्यक्ष महेन्द्र यादवले लामो समयदेखिको मधेस आन्दोलन र नाकाबन्दीले गर्दा जनजीवन कष्टकर भएकाले १८ माघपछि आफूहरूले नाका अवरोध हटाउनेबारे पुनर्विचार गर्न सक्ने बताए ।

'यही सरकारका कारण हामीले नाका अवरोध गरेका हौं तर यो स्थितिले निश्चित रूपमा जनताको जीवन कष्टकर भइरहेको छ,' मंगलबार राजधानीमा आयोजित कार्यक्रममा उनले भने, 'अहिले मोर्चाका सबै शीर्ष नेता उपत्यकाबाहिर हुनुहुन्छ, १८ गतेपछि मोर्चाको बैठक बसेर छलफल गरी यस विषयमा पुनर्विचार पनि हुन सक्छ ।' यादवले आफूहरूले चलाएको आन्दोलन अहिंसात्मक भएको र आन्दोलन असफल भए त्यो बेला मुलुक अर्को खतरापूर्ण अवस्थामा जाने जिकिर पनि गरे । उनले अबको आन्दोलन तराई-मधेसमा मात्रै केन्द्रित नभएर पहाड र हिमालसम्म पुर्‍याइने बताए ।

तराई मधेस लोकतान्त्रिक पार्टीका महामन्त्री जितेन्द्र सोनलले आन्दोलनको स्वरूप नै परिवर्तन गर्नुपर्ने अवस्था आए आफूहरू मधेसी जनताको राय लिएर मात्रै परिवर्तन गर्ने बताए ।

# नेपाल-भारत विद्युत् व्यापारमा बल्ल सक्रियता

**भीम गौतम/राजधानी**
काठमाडौं, १२ माघ

नेपाल र भारतबिच बहुचर्चित ऊर्जा व्यापार सम्झौता (पीटीए) भएको लामो समयपछि विद्युत् व्यापार कार्यान्वयन गर्न दुई देशले सक्रियता बढाएका छन् । पीटीए भएपछि पहिलो पटक ४ मंसिर २०७१ मा नयाँ दिल्लीमा नेपाल-भारत विद्युत् व्यापार सम्झौता कार्यान्वयन गर्ने प्रयोजनका लागि गठित द्विपक्षीय सचिव र सहसचिवस्तरीय बैठक बसे पनि त्यसपछि बस्न नसकेको बल्ल सक्रियता बढाएका हुन् ।

नेपाल-भारतबिच ४ कात्तिक २०७१ मा पीटीए भएको थियो । एकातिर नेपालले भारतलाई अर्बौंको बिजुली बेच्न सक्ने र अर्कोतिर भारतबाट विद्युत् आयात गरेर एक वर्षमै लोडसेडिङ हटाउने चर्चा चलिरहेको बेला विद्युत् व्यापार कार्यान्वयनका लागि ६/६ महिनामा बस्नुपर्ने पीटीएमै उल्लिखित सचिवस्तरीय र सहसचिवस्तरीय बैठक एक वर्ष नाघिसक्दा पनि बस्न सकेको थिएन । तर, नेपाल-भारतबिच हाल प्रतिकूल राजनीतिक अवस्था भए पनि आगामी बिहीबार र शुक्रबार काठमाडौंमा दोस्रो बैठक बस्न लागेको छ ।

'नेपाल-भारतबिच भएको पीटीए कार्यान्वयनका लागि सचिवस्तरीय संयुक्त स्टेरिङ कमिटी (जेएससी) बैठक आगामी शुक्रबार र सहसचिवस्तरीय संयुक्त वर्किङ ग्रुप (जेडब्लूजी) को बैठक बिहीबार बस्न लागेको छ,' ऊर्जा मन्त्रालयका सहसचिव डा. सञ्जय शर्माले भने, 'बैठकले नेपाल-भारत विद्युत् व्यापारको कार्यान्वयनलाई गति दिनुका साथै नयाँ आयामको सुरुआत गर्नेछ ।' ऊर्जा मन्त्रालयका अनुसार जेएससी बैठकको नेतृत्व नेपालको तर्फबाट ऊर्जा सचिव सुमनप्रसाद शर्मा र भारतको तर्फबाट विद्युत् मन्त्रालयका सचिव पीके पुजारीले गर्नेछन् भने जेडब्लूजीको बैठकको नेपालबाट ऊर्जा मन्त्रालयका सहसचिव डा. शर्मा र भारतको तर्फबाट विद्युत् मन्त्रालयका सहसचिव ज्योति अरोराले नेतृत्व गर्नेछन् ।

(बाँकी पृष्ठ २ मा)

| यस्ता छन् बैठकका एजेन्डा |
|---|
| अन्तरदेशीय प्रसारण लाइन गुरुयोजना |
| ४ सय मेगावाट विद्युत् आयात |
| दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माण |
| निर्यातमूलक आयोजनाको अवस्था |
| निजी क्षेत्रको विद्युत् व्यापार र बजार |



# मन्त्रीहरूको कार्य सम्पादनप्रति एमाओवादी असन्तुष्ट

**टेनिस रोका/राजधानी**
काठमाडौं, १२ माघ

सत्तारूढ घटक एकीकृत नेकपा माओवादीले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारको काम कारबाहीप्रति असन्तुष्टि जनाएको छ। एमाओवादी स्थायी समिति बैठकमा सरकारले सय दिन नाघिसक्दा पनि आम जनताले सरकार भएको महसुस हुने गरी काम गर्न नसकेको भन्दै आलोचना भएको हो।

मंगलबार बसेको स्थायी समिति बैठकमा अध्यक्ष दाहालले जनताको आशा र अपेक्षाअनुसार सरकारले गति लिन नसकेको बताए। पार्टीबाट सरकारमा सहभागी सबै मन्त्रीलाई बोलाइएको स्थायी समिति बैठकमा अध्यक्ष दाहालले महँगी, भ्रष्टाचार, ढिलासुस्ती तथा अनियमितता नियन्त्रण गर्न नसक्नु र कामभन्दा पनि बढी कुरा गर्नुले जनता सरकारसँग असन्तुष्ट रहेको औंल्याएका थिए। बैठकमा अध्यक्ष दाहाल र सरकार सञ्चालन तथा अनुगमन संयन्त्रका संयोजक तथा उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सरकारले जनचाहना र अपेक्षालाई साथमा लिएर अगाडि बढ्न नसकेको बताएका हुन्।

उनीहरूले पार्टीले महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हाले पनि कुनै पनि मन्त्रालयले चित्तबुझ्दो र प्रभावकारी काम नगरेको, बरु कतिपय मन्त्रालयको कामका सन्दर्भमा जनताले नै प्रश्न उठाएको भन्दै जनताका अपेक्षा र उनीहरूका प्रश्नप्रति गम्भीर हुन सचेतसमेत गराए।

बैठकमा पार्टीले राम्रा मन्त्रालय सम्हाले पनि ती मन्त्रालयबाट समेत अपेक्षा गरेअनुसारको काम नभएको भन्दै उनीहरूको समेत अध्यक्षले आलोचना गरेका छन्। अध्यक्ष र उपाध्यक्षले आफ्ना कुरा राखेपछि बैठकमा मंगलबार नै पार्टीको तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूले रिपोर्टिङ सुरु गरेका छन्। मंगलबार गृहमन्त्री शक्तिबहादुर बस्नेत र ऊर्जा मन्त्री टोपबहादुर रायमाझीले रिपोर्टिङ गरेका छन्। उनीहरूले जनताको अपेक्षाअनुसार जति काम हुनुपर्ने हो, त्यो हुन नसके पनि सक्दो पहलकदमी गरिरहेको जिकिर गरे। नाकाबन्दीपछि सिर्जित अवस्था केलाउँदै उनीहरूले अहिलेको अवस्थामा जति राम्रो काम गर्न खोजे पनि अप्ठ्यारा धेरै भएकाले असन्तुष्टि आउनु पनि ठिकै भएको र आगामी दिनमा अझै सुधारको योजना बनाइरहेको बताएका थिए।

सामान्य प्रशासन मन्त्री रेखा शर्माले सरकारले सय दिन नाघेकाले यो अवधिमा सरकार र पार्टीको तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूको काम कारबाही कस्तो भइरहेको छ र अब कसरी जाने भन्ने विषयमा समीक्षा सुरु भएको जानकारी दिइन्। 'सरकारमा सहभागी मन्त्रीहरूको कामकारबाही कस्तो भइरहेको छ भन्ने विषयमा समीक्षात्मक र रिपोर्टिङमूलक छलफल सुरु भएको छ,' मन्त्री शर्माले राजधानीसँग भनिन्, 'बैठकमा सामान्य छलफल भयो, बाँकी बुधबारको बैठकमा छलफल हुनेछ।' अध्यक्ष दाहालको सचिवालयले सरकारको असन्तुष्टि बढ्दै गएकाले मन्त्रालयहरूलाई कसरी प्रभावकारी बनाएर लैजान सकिन्छ भनेर छलफल सुरु गरेको जनाएको छ।

४० सदस्यीय मन्त्रिपरिषद्मा एमाओवादीबाट आठ मन्त्री छन्। गृह, शिक्षा, सामान्य प्रशासन, ऊर्जा, वन, आपूर्ति, सिँचाइ, कृषि विकासलगायतका महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी पाए पनि एमाओवादीका मन्त्रीहरू जनताले अनुभूति गर्ने गरी कुनै काम गर्न नसकेको नेतृत्वको आरोप छ।

# भारतद्वारा ४० एम्बुलेन्स र आठ बस प्रदान




**राजधानी समाचारदाता**
काठमाडौं, १२ माघ

भारतको ६७औं गणतन्त्र दिवसको अवसरमा भारत सरकारले नेपाललाई ४० ओटा एम्बुलेन्स र ८ ओटा बस उपहारस्वरूप प्रदान गरेको छ।

नेपालमा स्वास्थ्य तथा शैक्षिक सेवा अभिवृद्धि गर्ने उद्देश्यले एम्बुलेन्स र बस प्रदान गरिएको भारतीय दूतावासले जनाएको छ। नेपालका विभिन्न जिल्लाका अस्पताल, नाफा कमाउने उद्देश्य नभएका परोपकारी संस्था तथा शैक्षिक संस्थालाई एम्बुलेन्स र बस उपहारस्वरूप प्रदान गरिएको दूतावासले प्रस्ट पारेको छ।

गणतन्त्र दिवसका अवसरमा राजधानीको लैनचौरस्थित भारतीय राजदूतावास परिसरमा मंगलबार आयोजित कार्यक्रममा भारतीय राजदूत रणजित रायले ३३ ओटा एम्बुलेन्स र ६ ओटा बस उपहारस्वरूप प्रदान गरे। बाँकी ७ एम्बुलेन्स र २ बस वीरगन्जस्थित भारतीय महावाणिज्यदूतले वीरगन्ज महावाणिज्य दूतावासको क्षेत्रअन्तर्गत पर्ने संस्थाहरूलाई उपहारस्वरूप प्रदान गरेको भारतीय दूतावासले जनाएको छ।

समारोहमा राजदूत रायले नेपालका दुर्गम भेगसहित विभिन्न स्थानमा रहेका ७५ ओटा पुस्तकालय, शैक्षिक तथा तालिम प्रतिष्ठानलाई पुस्तकहरूसमेत उपहारस्वरूप प्रदान गरेका थिए। राजदूत रायले भारतीय सेनाका भूपू सैनिकका विधवा, आश्रित तथा शारीरिक रूपले अशक्त भूपू सैनिकहरूलाई चेक तथा कम्बलसमेत वितरण गरेका थिए।

कार्यक्रममा राजदूतावासको रक्षा विभागद्वारा नेपालमा बस्ने भारतीय भूपूहरू सैनिकहरूका लागि भारत सरकारले प्रदान गर्ने कल्याण कार्यक्रम समेटेर प्रकाशित भूपू २०१५ नामक पुस्तकको विमोचन गरिएको थियो।

कार्यक्रममा राजदूत रायले राष्ट्रिय झण्डा फहराई भारतका राष्ट्रपतिले राष्ट्रका नाममा दिएको सन्देश पढेर सुनाएका थिए। सन्देशमा अन्य कुराहरूका अतिरिक्त शान्ति, स्थायित्व र छिमेकको विकासलाई जोड दिइएको थियो।

गणतन्त्र दिवस समारोहमा राजदूतावासका कर्मचारी, तिनका परिवार, भारतीय समुदायका सदस्य तथा अन्य अतिथिहरूको उपस्थिति रहेको थियो। नेपाली सेनाको जोडदार प्रस्तुतिबिच केन्द्रीय विद्यालय, मोर्डन इन्डियन स्कुल र भारतीय सांस्कृतिक केन्द्रका विद्यार्थीले गाएका राष्ट्रभक्तिका गीतहरूका साथ कार्यक्रम समापन गरिएको थियो।

# धमलालाई पुरस्कार

**काठमाडौं/रास–** एनजेड नेपाल डटकमले पत्रकार ऋषि धमलालाई एनजेड नेपाल पत्रकारिता पुरस्कारद्वारा सम्मान गर्ने भएको छ।

संसारभरि छरिएर रहेका नेपालको राजनीति र संविधानबारे चासो राख्ने ५ हजार नेपालीसँग गरेको परामर्श र सुझावको आधारमा धमलालाई पुरस्कृत गर्ने निर्णय गरिएको एनजेड नेपालले जनाएको छ।

सरकार, संविधानसभा र नेपालको वास्तविकताबारे रेडियो, टेलिभिजन, छापाहरूमार्फत जनतासम्म पुऱ्याउन रात दिन लागिपरेको भन्दै ५० हजार रुपैयाँको सो पुरस्कार धमलालाई प्रदान गर्न लागेको एनजेड नेपालका सम्पादक केदार चापागाईंले बताए।

रिपोर्टर्स क्लब नेपालमार्फत नेपाली जनताहरूलाई सुसूचित गर्न र विभिन्न समयमा राष्ट्रिय सहमति कायम गराउन खेलेको महत्त्वपूर्ण भूमिकाको उच्च मूल्यांकन गर्दै धमलालाई सम्मानस्वरूप यो पुरस्कार दिन लागिएको हो। नगद राशिसँगै सम्मान पत्र लिन धमला आउँदो महिना न्युजिल्यान्डको क्राइस्ट चर्च जाने भएका छन्।

## नाकाबन्दी...

'संविधान बनाउँदा सहकार्य गरेको कांग्रेस सरकार बाहिर हुनुहुँदैनथ्यो तर बाहिर भयो, अब कांग्रेस सरकारमा आउनुपर्छ, हामी मिलेर जानुपर्छ,' प्रधानमन्त्रीले भने, 'कांग्रेस अब सरकार बाहिर हुँदैन, आउँछ, आउनुपर्छ, म त्यो पहल गर्छु।'

प्रधानमन्त्री ओलीले सुशासन, कानुनी शासन र आर्थिक विकासको आफ्नो प्राथमिकता पनि राखे। 'शान्ति प्रक्रियालाई पूर्णता दिने र विभिन्न पक्षसँग भएको सम्झौतालाई पूरा गर्ने, सुशासन र शान्ति सुरक्षालाई प्राथमिकता दिने, विकास निर्माणका काम अगाडि बढाउने, भूकम्पबाट क्षति पुगेका संरचनाको पुनर्निर्माण कार्यलाई तीव्र गतिमा अघि बढाउने नै यो सरकारका योजना हुन्,' प्रधानमन्त्रीले भने।उनले काठमाडौंमा मेट्रो रेल सञ्चालन, घरघरमा ग्याँस र हावाबाट बिजुली उत्पादनको सम्भावनाबारे सरकारले अध्ययन अघि बढाइसकेको भन्दै केही वर्षभित्रै ती काम हुने प्रस्ट पारे।

'विकास निर्माणमा गर्न सकिने काम नै अघि बढाइएको हो, जसले जे भने पनि उपत्यकामा मेट्रो रेल गुड्ने गरी काम अघि बढेको छ, त्यो काम अघि बढाइन्छ, केही वर्षभित्रै काठमाडौंमा मेट्रो रेल चल्छ, यो काम अब रोकिन्न,' प्रधानमन्त्रीले भने।

उनले १ सय ५ वर्षमा उत्पादन भएको विद्युत्भन्दा आगामी एक वर्षमा बढी उत्पादन गर्ने दृढता पनि व्यक्ति गरे। 'विगत १ सय ५ वर्षमा उत्पादन भएको भन्दा बढी विद्युत् एक वर्षमा उत्पादन गरेरै छाडिन्छ, त्यसैका लागि काम अघि बढाइएको छ, बढीमा तिन महिनाभित्र वातावरण प्रभाव मूल्यांकन हुनुपर्छ भनेको छु,' ओलीले भने।

प्रधानमन्त्री ओलीले तराई मधेसमा पृथकतावाद बढेको भन्दै सधैंभरि यसरी चल्न नदिने प्रस्ट पारे। मधेसमा अहिले भइरहेको परिस्थितिलाई सरकारले संयमपूर्वक हेरिरहेको र धेरै समय यस्तै स्थिति रहन नदिने प्रधानमन्त्रीको भनाइ थियो। 'सीमामा चित्त बुझेन भने संविधानले भनेको छ, आयोग बनाइन्छ, त्यसले सिफारिस गर्छ। संवैधानिक व्यवस्था नै छ।

संवैधानिक बाटोबाट नगई मैले जे भन्छु, त्यही हुनुपर्छ भन्नु लोकतान्त्रिक विधि र तरिका होइन,' प्रधानमन्त्रीले भने, 'तराईमा पृथकतावादी चिन्तन, अभ्यास र प्रयाशः व्यवहारमा भइरहेका छन्, सरकार बडो संयमका साथ हेरिरहेको छ, हिंसात्मक क्रियाकलाप पनि भइरहेका छन्, आतंकपूर्ण क्रियाकलाप पनि भइरहेकै छन्, अब कुनै पनि बहानामा यस प्रकारका गतिविधि लोकतन्त्रमा स्वीकार्य हुन्न।'

संविधानमा असन्तुष्टिका नाममा साम्प्रदायिक सद्भाव र भौगोलिक आधारमा सञ्चार माध्यमलाई प्रयोग गरेर सद्भाव बिथोल्ने प्रयास भइरहेको भन्दै प्रधानमन्त्रीले दुःख प्रकट गरे। मधेसमा भइरहेको गतिविधि 'पृथकतावादी चिन्तन, अभ्यास, प्रयास र व्यवहार' का रूपमा प्रधानमन्त्रीले व्याख्या गरे।

## नेपाल–भारत...

बैठकमा अन्तरदेशीय प्रसारण लाइनको गुरुयोजना, भारतबाट थप विद्युत् आयात, दुई देशका निजी प्रवर्द्धकद्वारा उत्पादित बिजुली एकअर्का देशमा व्यापार, नेपालमा निर्माणाधीन निर्यातयोग्य जलविद्युत् आयोजना लगायतका ६ महत्त्वपूर्ण विद्युत् व्यापार कार्यान्वयनका एजेन्डाहरूबारे छलफल गर्ने कार्यक्रम रहेको सहसचिव शर्माले जानकारी दिए।

बैठकमा अन्तरदेशीय प्रसारण लाइन (क्रस बोर्डर ट्रान्समिसन) गुरुयोजनाको निर्माणका क्रममा तयार गर्न लागिएको दीर्घकालीन एकीकृत योजनाको प्रगति अवस्था र गुरुयोजना मस्यौदाबारे छलफल हुने मन्त्रालयले जनाएको छ। विद्युत् व्यापार गर्ने उद्देश्यसहित नेपाल र भारतबिच ऊर्जा क्षेत्रको सहकार्यका लागि बनेको संयुक्त प्राविधिक समूहले तयार गरेको सो गुरुयोजना दुई महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

आगामी २० वर्ष अर्थात् सन् २०३५ भित्र विभिन्न नेपाल र भारतबिच ६ अन्तरदेशीय प्रसारण लाइन निर्माण गरी २ सय ८१ जलविद्युत् आयोजनाबाट २६ हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी सो गुरुयोजनाको मस्यौदा तयार पारिएको हो। नेपाल-भारतले संयुक्त रूपमा अघि बढाउन लागेका ठुला १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी, ३ हजार ४ सय मेगावाटको सप्तकोसी बहुउद्देश्यीय र ३ हजार २ सय ४० मेगावाटको पञ्चेश्वर परियोजना बाहेकलाई समेटेर यो गुरुयोजना मस्यौदा तयार पारिएको छ। यी ठुला आयोजनाका लागि छुट्टै प्रसारण लाइन बनाउनुपर्ने गुरुयोजनामा उल्लेख छ।

बैठकमा निर्माणाधीन नेपाल-भारतको पहिलो ४ सय केभीको ढल्केबर-मोजफपुर अन्तरदेशीय प्रसारण लाइनबाट यही हिउँदमा ८० मेगावाट विद्युत् आयात गर्ने तथा आगामी हिउँद अगाडि नै थप २ सय २० मेगावाट गरी ३ सय मेगावाट विद्युत् आयातबारे समेत छलफल गर्ने कार्यक्रम छ। आगामी १७ माघभित्र अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गरेर १ सय ३२ केभी लाइन चार्ज गरेर आगामी ४ फागुनबाट ८० मेगावाट थप विद्युत् भारतबाट आयात गर्ने लक्ष्य राखिएको छ। हाल भारतबाट नेपाल विद्युत् प्राधिकरणले २ सय ३५ मेगावाट विद्युत् आयात गरिरहेको छ। त्यसैगरी, बैठकमा भारतको अनुदान सहयोगमा निर्माणाधीन १ सय ३२ केभीको कटैया-कुसाहा र रक्सौल परवानीपुर प्रसारण लाइन निर्माणको अवस्था र यसबाट थप सय मेगावाट विद्युत् आयातबारे समेत छलफल गर्ने कार्यसूची छ।

त्यसैगरी, अन्तरदेशीय प्रसारण लाइन गुरुयोजनाले प्राथमिकतामा राख्ने अर्को दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणबारे समेत बैठकमा छलफल गर्ने कार्यक्रम रहेको सहसचिव शर्माले जानकारी दिए। बैठकमा भारतीय पक्षको अनुरोधमा निर्माणाधीन ९ सय मेगावाटका अरुण तेस्रो र माथिल्लो कर्णाली, ६ सय मेगावाटको मर्स्याङ्दीलगायतका निर्यातमूलक आयोजनाको अवस्था र प्रगतिबारे समेत छलफल हुँदै छ। त्यसैगरी, बैठकमा नेपाल र भारतका निजी जलविद्युत् प्रवर्द्धकहरूले एकअर्का देशमा विद्युत् व्यापारको पहुँच निर्माण र प्रत्यक्ष विद्युत् व्यापारबारे छलफल गर्ने कार्यक्रम तय भएको ऊर्जा मन्त्रालयले जनाएको छ।

नेपाल र भारतबिच पीटीए भएपछि विद्युत् व्यापारका लागि बाटो खुला भएर अन्तरदेशीय प्रसारण लाइनबारे गुरुयोजनाको काम अघि बढे पनि नेपालमा विद्युत् व्यापारका छुट्टै व्यापार कम्पनी भने स्थापना भइसकेको छैन। मन्त्रालयका सहसचिव शर्माले विद्युत् व्यापार कम्पनी स्थापनाबारे मन्त्रालयले छलफल र अध्ययन अघि बढाए पनि यसबारे द्विपक्षीय बैठकमा एजेन्डा नराखिएको जानकारी दिए। दुई देशबिच विद्युत् व्यापार गर्न व्यापार कम्पनी स्थापना गर्नुपर्ने भए पनि पीटीए भएको १६ महिनासम्म पनि औपचारिक प्रक्रिया अघि बढेको छैन।


**सच्याईएको सूचना**

मिति : २०७२/०९/३० गते राजधानी दैनिकको पृष्ठ २ मा प्रकाशित श्री काठमाडौं जिल्ला अदालतबाट जारी भएको बुद्धीमान महर्जनको नाती कान्छा रत्न महर्जनको छोरा का.जि.का.म.न.पा. वडा नं. २४ बस्ने वर्ष ४३ को राकेश डंगोल सिंहका नाउँको ३० दिने सूचना म्यादमा ०७१-PC-२०५४/१९ हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ।

**कार्यालयको स्थान परिवर्तन भएको सूचना**

यस सहकारी संस्थाको कार्यालय यस अघि काठमाडौं महानगरपालिका ३५ कोटेश्वर स्थित सेती ओपी मार्ग, फुलबारी टोलमा रहेकोमा अहिले काठमाडौं माहानगरपालिका वडा नं.९ पुरानो बानेश्वर स्थित बाबुराम आचार्य मार्ग, घर नम्बर १३४५ काभ्रे दुध डेरीका अगाडी सरेको सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
अध्यक्ष तथा
**सम्झौता बचत तथा ऋण सहकारी संस्था लिमीटेड**

**दुवईमा रोजगार**

१. कम्पनी : BABEL TRADING EST. शहर : UAE
पूर्व स्वीकृत मिति : २०७२/१०/१२ चलानी नं. : ८६५४ LT. No. 151631

| सि.नं. | कामदारको पद | पुरुष | AED | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Marble Workers | 05 | 1000 | 29,000 | ८ घण्टा | ६ दिन | छ | छ |

सेवा शुल्क : १०००० 
- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल, ललितपुर (नेशनल क्यान्सर हस्पिटल पछाडी),
फोन : ५५५५५३१, ५५५५६८३, ५५५५९८३ फ्याक्स : ०१ ५५५५७९४
मोबाईल नं. : ९८०२०८१७७७, ९८५१०५३७३७, ९८०२०७५२२२, ९८०२०७६२२२
कोहलपुर : ९८५११९७४६, दाङ : ०८२ ५४०७१८ जनकपुर : ९८५११३६५०२
श्रम इजाजत नं. : ११०/०६७/६८

**कतारमा रोजगार**

१. कम्पनी : AUTO RENT FOR RENT A CAR शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/११ चलानी नं. : ८५३३ LT. No. 151252

| सि.नं. | कामदारको पद | पुरुष | QR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 900 | 26,100 | ८ घण्टा | ६ दिन | छ | छ |
| 2 | Heavy Driver | 50 | 2000 | 58,000 | | | | |
| 3 | Driver | 50 | 1500 | 43,500 | | | | |

सेवा शुल्क : १००००

**International Placement Services Pvt. Ltd.**
Gyanodaya marg, Kalanki-14, Kathmandu, Nepal
Tel : 00977-1-4037226, Fax : 00977-1-4037125 ipsnepal2@gmai.com, devendraips@yahoo.com,thapadevendra@hotmail.com
Website:www.ipsnepal.com.np
Dilli Kc 9849065799 [BRANCH OFFICE DANG]
Govt. Lic. No: 424/060/061

**साउदी अरेबीयामा रोजगार**

१. कम्पनी : SAAD MAADI CONTRACTING EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०८ चलानी नं. : ८३२१ LT. No. 150539

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter | 01 | 1200 | 33,600 | ८ घण्टा | ६ दिन | छ | छ |

सेवा शुल्क : १००००

**Apple Overseas Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4465962, 4465963,
Cell : 9851139748, Fax: +977-1-4465964,
Email : info@appleoverseas.com.np, Web : www.appleoverseas.com.np
Licence No: 876/067/068

**मलेशिया र साउदी अरेबीयामा रोजगार**

१. कम्पनी : SUN PRINTERS SDN BHD शहर : Penang
पूर्व स्वीकृत मिति : २०७२/१०/१० चलानी नं. : ८३७९ LT. No. 151071

| सि.नं. | कामदारको पद | पुरुष | RM | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 10 | 900 | 22,500 | ८ घण्टा | ६ दिन | छ |

२ कम्पनी : I MUM MUM RESTAURANT शहर : Pulau Pinang
पूर्व स्वीकृत मिति : २०७२/१०/१० चलानी नं. : ८३७८ LT. No. 151226

| सि.नं. | कामदारको पद | पुरुष | RM | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 09 | 900 | 22,500 | ८ घण्टा | ६ दिन | छ |

३ कम्पनी : CIVIL & ELECTRICAL PROJECTS CONTRACTING CO. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/११ चलानी नं. : ८५६० LT. No. 151438

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 67 | 1000 | 28,000 | ८ घण्टा | ६ दिन | छ |

सेवा शुल्क : १००००
- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**MONTAGE OVERSEAS (P.) LTD.**
Sinamangal-9, Kathmandu, Nepal, P.O. Box : No. 2349,
Tel : +977-1-4110744, 4110605, 4110537, 4110755,
Cell : 9841892804, 9801177733, ITHAR:- BIKRAM- 9808834335
JHAPA:- MUKESH-9849121470,DANG:- SHANKAR BOHARA:-9857831118
ITHAR:- RAJESH:-9852676056
Email : montage_krishna@yahoo.com, Web : www.montageoverseas.com
License No: 798/055/066

**साउदी अरेबीयामा रोजगार**

१. कम्पनी : AL-BASSAMI EST शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१२ चलानी नं. : ८६६८ LT. No. 146320

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SMITH | 02 | 1000 | 28,000 | ८ घण्टा | ६ दिन | छ | छ |

२ कम्पनी : MOHAMMED OMAR AL-ATTAS CONTRACTING EST शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/१२ चलानी नं. : ८६६७ LT. No. 145844

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 10 | 1000 | 28,000 | ८ घण्टा | ६ दिन | छ | छ |

३ कम्पनी : AL-KHEAR BRIGHT TRADING EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/११ चलानी नं. : ८४७४ LT. No. 149898

| सि.नं. | कामदारको पद | पुरुष | SR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 01 | 1800 | 50,400 | ८ घण्टा | ६ दिन | छ | छ |

**Kantipur Manpower Service (P) Ltd.**
P.O. Box : 9033, Samakhusi-29, Kathmandu, Nepal, Tel : 4388866, 4388808, 4364338, 4357631, Direct: 4385499, Fax : 977 1 4381117,
E-mail : info@kantipurmanpower.com, Web : www.kantipurmanpower.com

# बारीको पाटामा विद्यालय

## चिसोले विद्यार्थीलाई समस्या



**दिनेश थापा/राजधानी**
कर्थली (सिन्धुपाल्चोक), १२ माघ

अग्ला डाँडा हिउँले सेताम्य भएका छन् । हिउँ छोएर आउने सिरेटोले जोकोहीको मुटु काप्छ। अनि हिउँसँगै कालिञ्चोकमुनिबाट आउने सुनकोसीको पानी मुखमा हाल्न सक्ने अवस्था छैन ।

रातभर जस्ताको टहरोभित्रै जसोतसो रात गुजारे पनि दिउँसो विद्यालय आउँदा पनि न्यानोको कुनै महसुस छैन ।

अघिल्लो वर्षताका सुविधासम्पन्न विद्यालय भवनमा बसेर अध्ययन गर्ने यहाँका विद्यार्थी यतिबेला भने बारीको पाटामा रहेको अस्थायी जस्ताको टहरोमुनि जसोतसो पढिरहेका छन् ।

दोलखा जिल्लासँग सीमा जोडिएको घोर्थली, कर्थली र चोकटी तिन गाविसको मध्यभागमा पर्ने कर्थलीमा रहेको सुनकोसी उच्च माध्यमिक विद्यालयका विद्यार्थीलाई यतिबेला माघको ठन्डीमा विद्यालयमा बसेर दिन कटाउन मुस्किल परेको छ ।

उच्च हिमाली क्षेत्रअन्तर्गत तिन गाविसको एउटा मात्र यो उमाविको सुविधासम्पन्न भवन गत १२ वैशाखको भूकम्पले ध्वस्त भएपछि यहाँका विद्यार्थी बारीको पाटामा रहेको अस्थायी टहरोमा पढ्न विवश छन्। हुन त १२ वैशाखपछि जिल्लाका प्रायः सबै विद्यालयको अवस्था यहाँको जस्तै छ। तर, यो विद्यालय भने उच्च हिमाली क्षेत्रमा पर्ने भएकाले अध्ययन गर्न समस्या भएको छात्रा सपना खड्काले बताइन् ।

'डाँडाभरि हिउँ परेको छ, घरमा बस्दा पनि आङ कहिल्यै तात्दैन, विद्यालय आउँदा पनि उस्तै छ,' छात्र विकास थामीले गुनासो गरे ।

जिल्लाको व्यापारिक बजार बाह्रबिसेबाट करिब ४/६ किलोमिटर कच्ची सडक हुँदै पुगिने यो विद्यालय भग्नावशेषमा परिणत भएको छ । सबै भवन भत्केपछि विद्यालयले अहिले भग्नावशेषसमेत पन्छाउन नसकेको विद्यालयका प्राचार्य वासु पौडेलले बताए ।

भग्नावशेष पन्छाउन नसकेपछि विद्यालय सञ्चालनका लागि जग्गा खोजे पनि कतै नभेटेपछि इसार्ड भन्ने संस्थाले तरकारी खेती गरेको जग्गामा विद्यालय सञ्चालन गरेको प्राचार्य पौडेलले बताए । चिसो बारीको पाटामा विद्यार्थीलाई राखेर पढाउँदा धेरै समस्या भएको पौडेलले बताए। विद्यालय सञ्चालनका लागि अन्यत्र जग्गा खोजे पनि आर्थिक कठिनाइका कारण जग्गा खरिद गर्न नसकिएको पौडेलको भनाइ छ।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष पूर्णबहादुर खत्रीले भने, 'तिन गाविसको केन्द्रमा रहेको यो एउटा शैक्षिक धरोहर थियो, सबै सखाप भयो ।' सीमान्तकृत थामी समुदायका अधिकांश विद्यार्थी यहाँ अध्ययन गर्छन् ।

विद्यालय सञ्चालनका लागि विभिन्न संघसंस्थासँग पहल गरिए पनि विद्यालय निर्माण गरिदिने दाता नभेटिएको पूर्वअध्यक्ष खत्रीले बताए । विद्यालय भवन ध्वस्त भएपछि अहिले विद्यार्थीको संख्यामा पनि कमी भएको विद्यालयले जनाएको छ। 'अध्ययन गर्ने ठाउँ नै छैन, घरमा पनि चिसो, विद्यालयमा पनि चिसो अनि त विद्यार्थी आउँनै छाडे,' विद्यालयका प्राचार्य पौडेलले भने ।

# गाउँ अधिवेशन नबिथोल्न मोर्चालाई आग्रह

## अधिवेशनप्रति मोर्चा नरम हुने संकेत

**राजधानी समाचारदाता**
काठमाडौं, १२ माघ

आगामी १५ माघमा हुने नेपाली कांग्रेसको गाविस तथा नगर वडा अधिवेशनलाई तराई मधेसमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले नबिथोल्ने संकेत देखाएको छ ।

कांग्रेसको गाविस तथा नगर वडा विथोल्ने तथा अवरोध गर्ने कार्यक्रम मधेसी मोर्चाले केन्द्रीय तहमा ल्याएको छैन । केन्द्रीय तहमा यस्ता कार्यक्रम नल्याउने पनि मधेसी मोर्चाले प्रस्ट पारेको छ ।

नेपाली कांग्रेसका शीर्ष नेताले केही दिनदेखि मधेसी मोर्चाका नेतासँग संवाद गरिरहेका छन् । मधेसी मोर्चाका नेताले पनि कांग्रेसका कार्यक्रम सम्पन्न गर्न दिने संकेत गरेका छन् । मोर्चाका केही जिल्ला स्तरीय नेताले भने कांग्रेसका कार्यक्रम बिथोल्ने चेतावनी दिइरहेका छन् । 'केन्द्रीय तहमा नेपाली कांग्रेसका गाविस, क्षेत्रीय तथा जिल्ला अधिवेशन बिथोल्ने मधेसी मोर्चाको कुनै निर्णय भएको छैन ।' संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले राजधानीसँग भने ।

तराई मधेसबाट प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका सांसदले मंगलबार कांग्रेस संसदीय दलको कार्यालय सिंहदबारमा बैठक गरी तराई मधेसमा कांग्रेसको गाविस तथा नगर वडा अधिवेशन गर्न दिन मोर्चासँग आग्रह गरेका छन् । सो क्रममा उनीहरूले लोकतान्त्रिक प्रक्रियामा अवरोध नगर्न मधेसी मोर्चालाई आग्रह गरेका छन् । 'अधिवेशन सम्पन्न गर्न सहयोगका लागि हामीले मधेसी मोर्चालाई आग्रह गरेका छौं। तराई मधेसका सबै गाविसमा कांग्रेसका अधिवेशन हुन्छ,' पर्साबाट प्रतिनिधित्व गरेका कांग्रेसका सांसद राजेन्द्र आमात्यले भने।

यसैबिच, मंगलबारै कांग्रेसका नेता विमलेन्द्र निधीले तमलोपाका उपाध्यक्ष हृदयेश त्रिपाठीसँग कुराकानी गरेको बताए। त्रिपाठीले मोर्चाले पनि छलफल गरी यस विषयमा निर्णय गर्ने बताएका थिए । 'कांग्रेसका स्थानीय अधिवेशनमा मधेसी मोर्चाले अवरोध गर्ने छैनन् भन्नेमा म विश्वस्त छु,' कांग्रेसका नेता निधीले भने ।

कुनै कारणवश तोकिएको दिनमा स्थानीय अधिवेशन हुन सकेन भने सम्बन्धित ठाउँको निर्वाचन समितिले एक/दुई दिनपछि निर्वाचन सार्न सक्छ। केन्द्रीय निर्वाचन समितिले तराई मधेसमा सबै जिल्लामा निर्वाचन अधिकृतको मनोनयन गरिसकेको छ भने जिल्ला निर्वाचन अधिकृतले पनि स्थानीय सबै गाविस तथा नगर वडामा सहायक निर्वाचन अधिकृत मनोनयन गरिसकेको छ ।

जिल्ला निर्वाचन अधिकृतहरूले निर्वाचन सामग्री सम्बन्धित गाविस तथा नगर समितिमा पठाइसकेका छन्। 'तराई मधेसका सबै ठाउँमा अधिवेशन हुन्छ। अधिवेशन गर्न सबै तयारी पूरा भएको छ,' महोत्तरीका नेपाली कांग्रेसका केन्द्रीय सदस्य श्याम घिमिरेले राजधानीसँग भने ।


नेपाल सरकार
वन तथा भू–संरक्षण मन्त्रालय
वनस्पति विभाग
**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति: २०७२।१०।१३)

यस विभागको लागि आवश्यक तपशिल बमोजिमका Scientific मेशीनरी औजार उपकरण सिलबन्दी दरभाउपत्र को माध्यमबाट खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा आपूर्तिकर्ताहरुबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का/प्याकेज नं. | कामको विवरण |
|---|---|---|
| १ | 08/072/73 | Supply & Delivery of Fume Hood |
| २ | 09/072/73 | Supply & Delivery of Plant Growth Chamber |

यस सम्बन्धी विस्तृत विवरण भएको सूचना वनस्पति विभागको सूँचना पाटीमा टाँस गरिएको छ ।


# दोलखा कांग्रेसमा खड्का र लामा भिड्दै

**दीपशंकर चौलागाईं/राजधानी**
दोलखा, १२ माघ

नेपाली कांग्रेस दोलखाको अधिवेशन नजिकिँदै जाँदा राजनीतिक सरगर्मी बढेको छ।

सदरमुकाम चरिकोटसहित विभिन्न स्थानमा अधिवेशन लक्षित दौडधुप सुरु भएको छ । जिल्ला अधिवेशन हुन १२ दिन मात्रै बाँकी रहँदा क्षेत्रीय महाधिवेशन प्रतिनिधिसहित जिल्ला सभापतिका लागि उम्मेदवारी दिनेहरू भोट माग्नसमेत थालेका छन् ।

अरू बेला जिल्लामा फर्किएर नआउने नेताहरूकै बोलवाला भएपछि जिल्लामै रहेका नेता कार्यकर्ता भने आक्रोशित बनेका छन्। नेपाल विद्यार्थी संघ दोलखाका उपाध्याक्ष विशाल कार्कीले भने, 'अब नेपाली कांग्रेसका कार्यकर्ताले कुन अदुवा कुन सुठो यही अधिवेशनबाट छुट्याउनु पर्छ ।'

यही क्रममा नेपाली कांग्रेस दोलखाका पूर्वपार्टी सभापति ताराबहादुर कोइरालाले पुनः सभापतिको उम्मेदवारी नदिने घोषणा गरेपछि यो पदका लागि भिड लागेको छ। पार्टी सभापतिमा पूर्वजिविस सभापति रुद्रबहादुर खड्का, नेपाल तामाङ संघका सचिव बर्मा लामा, तरुण दलका पूर्वकेन्द्रीय सचिव ईश्वर मानन्धर र नेपाली कांग्रेस दोलखाका सचिव केशव चौलागाईंबिच प्रतिस्पर्धा हुने देखिएको छ । १२औं जिल्ला अधिवेशनमा १७ मतान्तरले पार्टी सभापतिमा पराजय बेहोरेका खड्काको यसपटक अरूको भन्दा राम्रो पोजिसनमा रहेको कार्यकर्ता बताउँछन् । खड्काको प्रतिस्पर्धीमा लामा र मानन्धर आउनसक्ने अनुमान कांग्रेस कार्यकर्ताको छ ।

# बर्दियामा घट्दै आगन्तुक जलचरा

**सदीप अधिकारी/राजधानी**
बर्दिया, १२ माघ

बर्दियामा आगन्तुक जलचराको संख्या बर्सेनि घट्दै गएको पाइएको छ । जिल्लाको विभिन्न ठाउँमा गरिएको अनुगमनबाट आगन्तुक जल चराको संख्या घट्दो क्रममा रहेको पाइएको हो ।

यसै साता बर्दिया राष्ट्रिय निकुञ्ज, राष्टिय प्रकृति संरक्षण कोष, बर्दिया प्रकृति संरक्षण क्लब र नेपाल पक्षी संरक्षण संघले जिल्लाका विभिन्न ताल र नदीमा संयुक्त रूपमा आगन्तुक र रैथाने चराको अनुगमन गरेको थियो ।

अनुगमन टोलीले जिल्लाको कर्णाली गेरुवा नदी तटीय क्षेत्र र बढैया तालमा गरेको अनुगमनबाट आगन्तुक र रैथाने दुवै जल चराको संख्या प्रत्येक वर्ष घट्दै गएको देखिएको बर्दिया प्रकृति संरक्षण क्लबका अध्यक्ष रामबहादुर शाहीले बताए । बर्सेनि चराको बासस्थानमा आएको ह्रासका कारण आगन्तुक र रैथाने जल चराको संख्यामा कमी हुँदै गएको देखिएको शाहीले बताए । अनुगमन टोलीले यस वर्ष आगन्तुक जल चराको संख्या गत वर्षको तुलनामा करिब १० प्रतिशतले घटेको बताएको छ । जिल्लाको बढैया तालमा साइबेरियासहितका देशबाट बर्सेनि आगन्तुक चरा यहाँ आउने गर्छन् ।

यस वर्ष गरिएको चरा अनुगमनका क्रममा कर्णाली नदीमा २१ प्रजातिका ६ सय २७ आगन्तुक चरा देखिएका छन् भने १० प्रजातिका १८ रैथाने चरा भेटिएका छन् । यसैगरी गेरुवा नदीमा २३ प्रजातिका १ हजार ३ सय ६८ आगन्तुक र ३४ प्रजातिका १ सय ४ रैथाने चरा भेटिएको बर्दिया प्रकृति संरक्षण क्लबले जनाएको छ ।

आगन्तुक चराको मुख्य बासस्थान मानिएको बढैया तालमा आगन्तुक चराको प्रजाति बढेको देखिए पनि संख्या भने घटेको छ। बढैया तालमा गत वर्ष ३५ प्रजातिका २ हजार ६५ आगन्तुक चरा रहेकोमा यस वर्ष चराको संख्या घटेर १ हजार २ सय १४ मा झरेको छ । बढैयामा यस वर्ष ३८ मात्र रैथाने चरा भेटिएका छन्। जब कि गत वर्षको अनुगमनमा ४८ रैथाने चरा फेला परेका थिए ।

# कैलाली कारागारमा तिन गुणा बढी कैदीबन्दी

**दीपक ओली/राजधानी**
धनगढी, १२ माघ

कैलाली कारागारमा क्षमताभन्दा तिन गुणा बढी कैदीबन्दी राखिएका छन् । क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिँदा उनीहरूलाई सुत्न, शौचालय, खानेपानीलगायतमा समस्या भइरहेको छ ।

१ सय २५ जना कैदीबन्दी क्षमता रहेको कैलाली कारागारमा अहिले ३ सय ७६ जना कैदीबन्दी राखिएका छन् । कारागारमा ३ सय ४५ जना पुरुष, २८ जना महिला र ३ आश्रित बालबालिका छन् । ठाउँ अभावमा कैदीबन्दी कोचाकोच गरेर सुत्ने गरेका छन् भने दिसापिसाब गर्न र नुहाउनसमेत लामो समय पालो कुर्नुपर्ने बाध्यता छ । 'खानबस्न र शौच गर्न समस्या छ,' कैदीबन्दीले भने,



'पशुसरह बस्दै आएका छौं ।' एउटा गेट रहेको कारण बन्दीहरूका आफन्तले समयमा भेट्न नपाउने गरेको समेत गुनासो गरेका छन् । कैलाली कारागारका जेलर पुस्कर खड्काले कारागारका कैदीबन्दीलाई समस्या भइरहेको बताए । 'कारागारको क्षमता १ सय २५ को मात्र हो । तर, कैदीबन्दी धेरै छन्,' जेलर खड्काले भने, 'कैदीबन्दी कोचाकोच गरेर बसिरहेका छन् । हिँडडुल गर्न पनि समस्या छ ।' कारागार हाताभित्र कैदीबन्दीका लागि १३ ओटा शौचालय छन् ।

कैदीबन्दीको संख्याका आधारमा कारागार हाताभित्र भौतिक पूर्वाधार निर्माण गर्नसमेत समस्या रहेको जेलर खड्काले बताए। उनले भौतिक पूर्वाधार निर्माणका लागि जमिन अभाव रहेको बताए ।

जेलर खड्काले सुदूरपश्चिमका पहाडी जिल्लाका कारागारमा रहेका बिरामी कैदीबन्दीलाई कैलाली सरुवा गर्नाले पनि संख्या बढेको बताए। कारागार भवन विस्तारका लागि दुई वर्षअघि नै कारागार विभागमार्फत शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँग माग गरिए पनि कुनै सुनुवाइ नभएको जेलर खड्काले बताए ।


नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **श्री जि.आर इन्टरनेशनल प्रा.लि.**, (ई.प.नं.१०१५) का तपसिल बमोजिमका सञ्चालक शेयरधनीले तपसिल बमोजिमका खरिदकर्तालाई आफ्नो नाममा कायम रहेको शेयर बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| सि.नं | बिक्रीकर्ताको नाम | कि.नं. देखि | कि.नं. सम्म | जम्मा | खरिदकर्ताको नाम र ठेगाना |
|---|---|---|---|---|---|
| १. | गोपाल बहादुर कुँवर क्षेत्री | ०१ | ३५००० | ३५००० | गौरीगंज गा.वि.स.-५, झापा स्थायी घर भई काठमाडौं बस्ने गोपाल बहादुर कुँवर क्षेत्री |
| २ | राजन कुमार कुँवर | ३५००१ | ६५००० | ३०००० | |



नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान
**पशु स्वास्थ्य अनुसन्धान महाशाखा**
खुमलटार, ललितपुर

**शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति :२०७२।१०।१३

यस पशु स्वास्थ्य अनुसन्धान महाशाखा खुमलटार ललीतपुरमा तपशिल बमोजिमको काम गर्नु पर्ने भएकाले नेपाल सरकारबाट इंजाजत प्राप्त ईच्छुक व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

१. दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र निवेदन सहित नियमानुसारको दस्तुर नगदै तिरी रु. १० को टिकट टाँसी निवेदन सहित अद्यावधिक ठेक्का इंजाजत पत्र, मु. अ. कर दर्ता प्रमाणपत्र, नेपाली नागरीकताको प्रमाण पत्र,आ.व २०७१।७२ सम्मको कर चुक्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी यस महाशाखा र पशु विज्ञान अनुसन्धान प्रतिष्ठान,खुमलटार बाट खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र रितपुर्वक सहि छाप गरि धरौटि रकम सहित स्पष्टसंग लेखि यस सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्ममा यस महाशाखामा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता र निजका प्रतिनिधिहरुको रोहवरमा पशु स्वास्थ्य अनुसन्धान महाशाखा, खो लिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन । दरभाउपत्र खरिद गर्ने अन्तिम र खोलिने दिन बिदा परेमा त्यसपछिको लगतै कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त कार्य हुनेछ ।
३. खोलेको दिन देखी शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुने छ। शिलबन्दी दरभाउपत्रको साथ धरौटी वापतको रकम को.ले.नि.का गावाहल ललीतपुरको ने.बै.लि. ललीतपुरमा रहेको धरौटी खाता नं. ०१८०-५१-००१६८५६ मा जम्मा गरेको सक्कलै भौचर वा यस महाशाखाको नाममा जारी भएको, कम्तिमा ७५ दिन म्याद भएको वाणीज्य बैङ्क बाट जारी भएको बैङ्क जमानत पेश गर्नु पर्नेछ ।
४. दरभाउपत्र दाताले कामको सम्बन्धमा राम्रो संग बुझी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी दरभाउ भर्दा कबोल रकम अंक र अक्षरमा एकमुष्ठ उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरको दररेटमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्ले ख गर्नुपर्नेछ ।
६. समयभित्र प्राप्त नभएको, सूचनाको शर्त विपरित भएको, रित नपुगी आएको शिलबन्दी दरभाउ पत्र माथि कुनै कार्वाही हुने छैन ।
७. पेश हुन आएका शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस महाशाखामा निहित रहने छ। यस सूचनामा नपरेका तथा नलेखिएका कुराहरुको हकमा नेपाल कृषि अनुसन्धान परिषदको आर्थिक प्रशासन विनियम २०४९, सार्वजनीक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक ऐन २०५५ एवं प्रचलित कानुन बमोजीम हुनेछ ।
८. एक व्यक्ती, फर्म वा संस्थाको नाम खरिद गरेको दरभाउपत्र सम्बन्धी कागजात अर्को व्यक्ती, फर्म वा संस्थाको नाम बाट दाखीला गर्न पाइने छैन र यस सम्बन्धि विस्तृत सूचना महाशाखाको सूचना पाटीमा टास गरीएको छ ।

तपशिल

| सि.नं | कामको विवरण | ल.इ. रकम रु. भ्याट बाहेक | धरौटी रकम रु. | फाराम दस्तुर रु. (फीर्ता नहुने गरी) |
|---|---|---|---|---|
| २ | सोलार सिस्टम जडान गरी संचालन गर्ने | ७६०००००।०० | २३०००।०० | ३००।०० |





## सम्पादकीय

# अनुदानको प्रभावकारी उपयोग जरुरी

**मुलुकको विकास निर्माण र परिवर्तनका लागि विश्वका विभिन्न मुलुक तथा दातृ संस्थाबाट बर्सेनि अबौं रुपैयाँ अनुदानको प्रतिबद्धता आउने गरेको छ। सरकार र विदेशी मुलुक तथा दातृ निकायबिच त्यस्तो रकम कुन क्षेत्रमा, कसरी र कति अवधिमा खर्च गर्ने भन्ने तय हुने गर्दछ। यो क्रम धेरै वर्ष अगाडिदेखि निरन्तर चल्दै आएको छ। सहयोग रकमको जति बढी सदुपयोग गर्न सक्यो, मुलुकले त्यति नै फाइदा लिन पाउने र रकम खर्च हुन नसक्दा त्यो त्यसै खेर जाने अर्थात् फिर्ता हुने अवस्था आउँछ। पछिल्ला केही वर्षयताको उदाहरणलाई हेर्ने हो भने सरकारले लक्ष्यअनुसार बजेटरी खर्च गर्न नसक्दा सहयोगको झन्डै आधा हिस्सा त्यसै खेर गइरहेको अवस्था छ।**

**पछिल्लो उदाहरणलाई मात्रै हेर्ने हो भने पनि शान्ति कोषअन्तर्गतको (बास्केट फन्ड) मा जम्मा भएको रकम तोकिएको समयभित्र खर्च हुन नसकेपछि कोषमा सहयोग जम्मा गर्ने दातृ निकायहरूले सहयोग रकम फिर्ता माग्न थालेको उदाहरण ताजै छ। सरकारसँग सन् २०१५ को डिसेम्बरसम्ममा सहयोग रकम खर्च गरिसक्ने सम्झौता गरेका ती निकायले सो अवधिभित्रमा आफूले गरेको सहयोग खर्च नभएपश्चात् सहयोग रकम फिर्ता मागेका हुन्। सरकार र तत्कालीन विद्रोही माओवादीबिच शान्ति सम्झौता भएपछि शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने र द्वन्द्व प्रभावित क्षेत्रमा विभिन्न किसिमका विकास गतिविधि सञ्चालन गरी त्यसमा खर्च गर्ने उद्देश्यले सरकार र दातृ निकायको संयुक्त लगानीमा कोषको स्थापना भएको हो। कोषमा बेलायती सहयोग नियोग (डिफिड), अमेरिकी सहयोग नियोग (यूएसएड), युरोपेली युनियन (ईयू), डेनमार्क, नर्वे, स्विट्जरल्यान्ड, फिनल्यान्ड, जर्मनीलगायतका नौओटा दातृ निकायले फन्ड संकलन गरेका थिए।**

**स्विट्जरल्यान्ड, नर्वे र डेनमार्कजस्ता मुलुकले तोकिएको अवधिभित्र रकम खर्च नभएको भन्दै सहयोग फिर्ता मागेका हुन्। शान्ति कोषमा सरकार र दातृ निकायका तर्फबाट २३ अर्ब रुपैयाँ जम्मा भएको थियो। त्यसमध्ये अब २ अर्ब रुपैयाँ फिर्ता जाने निश्चित भएको छ। सामान्यतया: दाताको सहयोग विकास निर्माण, पूर्वाधार विकास, गरिबी निवारण, पुनरुद्धार तथा पुन:स्थापना, शान्ति र स्थिरता कायम गर्नेजस्ता कार्यमा खर्च हुने गर्दछ। यस्ता क्षेत्रमा खर्च हुने रकम पनि फिर्ता जानु आफैंमा दुखदायी हो। यसर्थ मुलुकको खर्च गर्ने क्षमता वृद्धि गरी सहयोगको प्रभावकारी कार्यान्वयन गरी विकास र परिवर्तनमा पाइला चाल्न जरुरी छ। यसतर्फ ध्यान दिंदै सम्बद्ध पक्षले बेलैमा सुझबुझपूर्ण निर्णय लिन सक्नुपर्छ।**

# आशासँगै बढ्दो सकस



■ रत्न प्रजापति

**सरकारविना कार्ययोजनाको हावादारी कुरा गर्नमै व्यस्त छ । विपद् र समस्यामा परेका जनतालाई सपना बाँड्दै दुःख थप्ने काम मात्रै गरिरहेको छ, सरकारले । त्यसैले सरकारप्रतिको जनअपेक्षा बिस्तारै घट्न थालेको महसुस हुन थालेको छ ।**

मोरङको रंगेलीमा युवा संघको सभा बिथोल्न खोज्ने मोर्चाका कार्यकर्तासँगको झडपमा प्रहरीले गोली चलाउँदा तिनजनाको मृत्यु भएपछि काठमाडौंमा भइरहेको सरकार र मधेसी मोर्चाबिचको वार्ता बिथोलियो। मोर्चाले रंगेलीमा राज्यआतंक मच्चाएर आन्दोलनकारीमाथि दमन गरेको र वार्ता बिथोल्ने वातावरण सिर्जना गर्दै मधेस आन्दोलनको समाधानमा गम्भीर नभएको आरोप लगाएर सरकारसँगको वार्ता नै अस्वीकार गऱ्यो। यसरी सरकार र आन्दोलनरत मधेसी मोर्चाबिच सहमति हुने वातावरण बन्नै लागेको अवस्थामा रंगेली घटनाका कारण फेरि स्थितिले अर्कै मोड लिन पुग्यो। परिणामतः सरकार-मोर्चाबिच वार्ता नहुने र सहमति पनि नहुने भएको छ भने आन्दोलन थप लम्बिने निश्चित भएको छ। मधेसमा आन्दोलन लम्बिनुको अर्थ नाकाबन्दी पनि लम्बिनु हो। त्यसैले मुलुकले अब फेरि थप आर्थिक-सामाजिक क्षति बेहोर्नुपर्ने निश्चित भएको छ। आन्दोलन फेरि चर्किने र लम्बिने अनि यही आन्दोलनकै कारण नाकाबन्दी पनि लम्बिने स्थितिले गर्दा अलिकति कम हुनै लागेको सामाजिक पीडा अथवा सकस फेरि बढ्ने भएको छ। उता नाकाहरूमा केही सहजता बढेसँगै आवागमनमा वृद्धि भएकाले आयातमा वृद्धि भई आपूर्तिमा सुधार आउने लक्षण देखिएकामा अब त्यो पनि घट्ने भएको छ।

माघ ९ गते शनिबार राति बसेको व्यवस्थापिका संसदको बैठकले दुई तिहाइ बहुमतबाट नेपालको संविधानको पहिलो संशोधन विधेयक पारित गऱ्यो। संविधान जारी भएको करिब चार महिनापछि पहिलो संशोधन भएको हो। संविधान पारित भएपछि मधेसीले राखेका अधिकांश माग पूरा भएको प्रतिक्रिया नेताहरूले दिएका छन्। यद्यपि, आन्दोलनरत मधेसी मोर्चाका सांसदहरूले भने संविधान संशोधनको मतदान प्रक्रिया बहिष्कार गरेका थिए। मोर्चाका सांसदहरूले संसद्मा अवरोध गरे तापनि संविधान संशोधनलाई उनीहरूले सकारात्मक रूपमा लिएको दाबी प्रमुख तीन दलका नेताहरूले गरेका छन्। यो सकारात्मक पक्ष नै भए पनि मोर्चाका सांसद अथवा नेताहरूको औपचारिक निर्णय नआएसम्मका लागि खुसी भइहाल्नुपर्ने अवस्था भने छैन। वर्तमान नेपालको संविधानको सामाजिक न्यायको हकसम्बन्धी संविधानको धारा ४२, प्रतिनिधिसभा गठनसम्बन्धी धारा ८४, र निर्वाचन क्षेत्र निर्धारणसम्बन्धी धारा २८६ मा संशोधन गरेर आन्दोलनरत मधेसी मोर्चाका मागलाई सम्बोधन गर्ने प्रयास गरिएको भनिएको छ। यद्यपि, निर्णायक भनिएको मधेसी मोर्चासँगको गत बिहीबारको वार्ता असफल भएपछि मोर्चासँग औपचारिक संवादसमेत हुन नसकेको अवस्थामा अहिले भएको संविधान संशोधनबाट मात्रै मधेसी मोर्चा सन्तुष्ट नहुने अवस्था छ।

प्रदेशहरूको सीमांकनमा पुनरावलोकन गरी राजनीतिक संयन्त्रमार्फत् तीन महिनाभित्र यसलाई टुंगो लगाउन सत्ता साझेदार तिन दल सहमत भए पनि सम्पूर्ण तराईलाई दुई प्रदेश बनाउने लिखित प्रतिबद्धता मागेको मधेसी मोर्चा यो प्रतिबद्धता नआएसम्म संविधान संशोधनबाट मात्रै सन्तुष्ट हुने र सहमतिमा आउने देखिँदैन। वार्ता असफल हुनासाथ आन्दोलनलाई चर्काइसकेको मोर्चाले सीमांकनलाई प्याकेजमा सहमति गर्ने मुद्दा अघि सार्दै आएको छ। तिन दलीय सहमतिमा संविधान संशोधन गरिए पनि मोर्चाका नेताहरूले आन्दोलनकारीसँग सम्झौता नगरी ल्याइएको संशोधन काम लाग्दैन भन्ने प्रतिक्रिया दिएका छन्। संविधान संशोधन अपूरो रहेको भन्दै यसलाई नस्वीकार्ने उनीहरूले बताएका छन्। विदेशीहरूलाई संविधान संशोधन गऱ्यौं भनेर भ्रम छर्न खोजिएको, यो संशोधन मधेसीका लागि नल्याइएको र यसले समस्या हल नगर्ने उनीहरूको ठहर छ। साथै आन्दोलन जारी राख्ने, आन्दोलनलाई थप चर्काउने र आन्दोलनलाई काठमाडौं केन्द्रित गर्ने निर्णयसमेत मोर्चाले गरिसकेको छ। सोमबार मात्रै मोर्चाको बैठक बसी माघ १८ गतेसम्मका लागि आन्दोलनका थप कार्यक्रम तय गरेको छ। यद्यपि, नाकामा गरिँदै आएको अवरोधका सम्बन्धमा भने मोर्चा मौन रहेको छ। आन्दोलनको स्वरूप फेरिने र आन्दोलन काठमाडौंकेन्द्रित गर्ने संकेत गरेको मोर्चाले नाकाको अवरोधलाई हटाउने वा जारी राख्ने विषयमा केही बोलेको छैन। यसले गर्दा नाकाबन्दी खुल्ने कि नखुल्ने भन्नेमा अन्योल छाएको छ।

सत्ता साझेदार दलका शीर्ष नेताहरूले अब नाकाबन्दी छिट्टै खुल्छ भनेर बारम्बार भन्दै आए पनि त्यो छिट्टै भनेको कति दिनमा हो र कहिले हो कसैलाई पत्तो छैन। यसो त सत्ता साझेदार राजनीतिक दलका नेताहरूले भनेर र चाहेर मात्रै नाकाबन्दी खुल्ने होइन। भारतले चाह्यो भनेचाहिँ नाकाबन्दी छिट्टै खुल्न सक्छ। तर भारतलाई नाकाबन्दी खोल्ने चाहना जागृत गराउनका लागि उसको अभीष्टलाई सम्बोधन गर्ने कार्य नेपालले गर्नुपर्ने हुन्छ। त्यसो गर्न नेपाल तयार नभएसम्म नेताहरूले भनेझैं छिट्टै नाकाबन्दी खुल्ने सम्भावना भने देखिँदैन। उता भारतीय विदेश मन्त्रालयले विज्ञप्ति प्रकाशित गर्दै संविधान संशोधनलाई सकारात्मक भन्दै स्वागत गरेको जनाएको छ। यसले नाकाबन्दी खुलाउन केही मद्दत गर्ने आशा गर्न सकिन्छ। तर, विगतमा यस्तै 'स्वागत' धेरै कुरामा धेरै पटक भइसक्दा पनि नाकाबन्दी नखुलेकाले अहिले पनि खुलिहाल्ला भनेर विश्वास गर्न भने सकिँदैन।

यदि व्यवस्थापिका संसद्ले गरेको संविधान संशोधनलाई भारतले सकारात्मक मान्दै त्यसको स्वागत गरेको हो भने अब उसले तत्काल नाकाबन्दी खोल्नुपर्छ। साथै मधेसमा जारी आन्दोलन फिर्ता लिन मधेसी मोर्चालाई दबाब पनि दिनुपर्छ। उसले संविधान संशोधनलाई स्वागत गर्नुको अर्थ उसको अपेक्षा पूरा भएको छ र ऊ सन्तुष्ट छ भनेर हामीले बुझ्नुपर्छ र भारतले पनि यसरी नै बुझ्नुपर्छ। साथै संविधान संशोधनले मधेसीको मागलाई सम्बोधन गरेको छ भनेर पनि बुझ्नुपर्छ भन्ने सन्देश भारतीय स्वागतले पनि दिएको छ। त्यसैले मधेसी मोर्चामा राजनीतिक इमानदारी छ भने उसले तत्काल आन्दोलन फिर्ता लिनुपर्छ र जनतालाई परेको सामाजिक-आर्थिक पीडाबाट मुक्ति दिनुपर्छ। साथै अर्थतन्त्रमा थप नोक्सानी हुन नदिने वातावरण निर्माणमा मोर्चाले सहयोगी भूमिका निर्वाह गर्नुपर्छ। आन्दोलनलाई समर्थन तथा सहयोग गर्ने र अझ भन्नै पर्दा आन्दोलनलाई पर्दापछाडिबाट निर्देशन गर्ने भारतले नै संविधान संशोधनलाई स्वागत गरिसकेपछि अब आन्दोलन र नाकाबन्दी एक दिन पनि लम्बिनु हुँदैन। यदि आन्दोलन रोकिँदैन र नाकाबन्दी पनि खुल्दैन भने भारतले गरेको स्वागत देखावटी र एउटा अर्को खतरनाक नाटक मात्रै हो भनेर बुझ्नुपर्ने हुन्छ। भारतले गरेको स्वागतलाई सारमा बुझ्नुपर्ने कुरा यही नै हो, किनभने उसले संविधान संशोधनलाई सकारात्मक भन्दै स्वागत गरेको जनाए पनि नाकाबन्दी खोल्ने विषयमा भने केही भनेको छैन।

मधेस आन्दोलनसँगसँगै जारी नाकाबन्दीले मुलुकको अर्थ-सामाजिक क्षेत्रमा निकै गम्भीर असर परिसकेको छ। सामाजिक पीडा बढ्दो छ भने अर्थतन्त्र धरासायी उन्मुख भएको चिन्ता अर्थविद् तथा उद्योगी व्यवसायीले व्यक्त गरिरहेका छन्। नाकाबन्दीले गर्दा नेपालका भूकम्पपीडितहरूले समयमा उचित राहत पाउन नसक्दा थप पीडा भोग्न बाध्य भएका छन् भने आमनेपालीको दैनिकी नै कष्टकर बनेको छ। कालोबजारीले उपभोक्ताको ढाड सेकिएको अवस्था छ। नाकाबन्दीपछि ५ सय ७३ गुणासम्म मूल्यवृद्धि भएको अध्ययनले देखाएको छ। राष्ट्रिय अर्थतन्त्रमा झन्डै १० खर्ब रूपैयाँको नोक्सानी भएको अर्थविद्हरूले बताइसकेका छन् भने अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सेदार मानिने निजी क्षेत्रले यो अवधिमा ३ खर्ब ४ अर्ब रूपैयाँ क्षति बेहोरेको नेपाल उद्योग वाणिज्य महासंघले बताइसकेको छ। निजी क्षेत्रले दैनिक २ अर्ब रूपैयाँको नोक्सानी बेहोरिहेको छ। साथै यस अवधिमा औद्योगिक र निर्माण क्षेत्रमा गरी गरी झन्डै १५ लाख मजदुर बेरोजगार बनेका छन्। यति ठुलो संख्यामा मजदुर बेरोजगार बन्दा सामाजिक पीडासँगै आर्थिक पीडा पनि बढेको छ। गरिबी बढेर सामाजिक जीवनयापन निकै कष्टकर बन्दै गएको छ। तर यसप्रति सरकार अझै गम्भीर हुन सकेको छैन। सरकार बिना कार्ययोजनाको हावादारी कुरा गर्नमै व्यस्त छ। विपद् र समस्यामा परेका जनतालाई सपना बाँड्दै दुःख थप्ने काम मात्रै गरिरहेको छ सरकारले। त्यसैले सरकारप्रतिको जनअपेक्षा बिस्तारै घट्न थालेको महसुस हुन थालेको छ।

आन्दोलनका क्रममा मर्नेलाई ५० लाख रुपैयाँ दिने प्रलोभन देखाएर आफ्ना कार्यकर्ता र सर्वसाधारणलाई मर्न र मार्न उक्साउने र आन्दोलनका क्रममा सरकारले कफ्र्यु लगाएर ६ दर्जन मधेसीको हत्या गरेको आरोप लगाउँदै मानव अधिकार हनन गरेको र मधेसीलाई नागरिकजस्तो व्यवहार नगरेको भन्दै आन्दोलन नरोक्ने घुर्की देखाउँदै आएका आन्दोलनरत मधेसी नेताहरूले रंगेली घटनापछि आन्दोलनलाई थप चर्काउने बहाना पाएका छन्। विगतमा जिउँदै मान्छेलाई जलाउने काम उनै मधेसी आन्दोलनकारीले गरेका हुन्। एम्बुलेन्स तोडफोड गर्ने र औषधि बोकेको गाडी जलाउने काम पनि उनै मधेसी आन्दोलनकारीले नै गरेका हुन्। तर, सबै दोष सरकारलाई लगाउने आन्दोलनरत मधेसी मोर्चाले आन्दोलनका क्रममा आफ्ना तर्फबाट भए/गरेका गल्तीहरूको समीक्षा गर्ने वा त्यसलाई स्वीकार्ने तत्परता अहिलेसम्म देखाएको छैन। समस्या समाधानका लागि भएका वार्ताहरूमा पनि एकपछि अर्को अडान राखेर अत्तो थाप्ने काम मात्रै गर्दै आएको मोर्चाले वास्तवमै समाधान नै नचाहेको हो कि भन्ने आशंकासमेत पैदा हुन थालिसकेको छ। राज्य आतंक मच्चाएर सहमति बिथोलेको आरोप लगाउने मोर्चा आफैंले त्यस्तो आतंक मच्चाउन उत्प्रेरित गरेकोतर्फ ध्यान पुऱ्याउन चाहेको छैन। आफैंले त्यस्तो घटना हुने अवस्था सिर्जना गर्ने र त्यही घटनालाई समातेर सरकारसँग सौदाबाजी गर्दै जाने मधेसी मोर्चाको अभीष्ट हो भने त्यो देशका लागि र मधेसी मोर्चा स्वयंका लागि पनि घातक हुने छ।

# जनताको चोट कहिले हेर्ला सरकार ?



■ डा. पुरुषोत्तम मरहठ्ठा

**बौद्धिक विलासका लागि असफल राष्ट्र भन्न नथाक्ने बुद्धिजीवीहरू र राज्यको माग पूरा नभए देश टुक्र्याउने धम्की दिने 'सेपरेटिस्ट'हरूले भुसुना ओइरिएझैं भारुको वर्षा भएसम्म देशलाई अप्ठ्यारोमा पारी नै रहने छन् । कैंची र बेल्चा विकासमा प्रयोग नभएर इहलीला सिध्याउन प्रयोग भएपछि कसको के लाग्छ ?**

नेपाली जनताले हिजोआज सत्तामा बस्नेलाई व्यापारी जस्तो देख्न थालेका छन्। कालोबजारीहरू भने मुखबोलीमा मागअनुसार सामान दिलाउन सकेकोमा समाजसेवी देखिन थालेका छन्। जागिरेहरू अवसरको फाइदा लिने बिचौलियाजस्ता देखिएका छन्। तराईकेन्द्रित दलहरू विद्रोहको कारखानाजस्ता देखिएका छन्। संविधान आएपछि सुखको आशा गर्ने जनता मुद्दा हारेको झगडियाजस्ता देखिँदै छन्। महाभारतमा दुःशासनद्वारा द्रौपदीको वस्त्र हरण गर्न खोजेजस्तै अघोषित नाकाबन्दीले लाखौं नेपालीको रोजीरोटी खोस्ने छिमेकी खलनायक जस्तो देखिन थालेको छ।

कालो बजार अर्थतन्त्रले हालका दिनमा मधेस आन्दोलनको छविलाई धक्का पुऱ्याएको पक्कै हो। संविधानमा भएको पहिलो संशोधनले सीमांकनबाहेक अन्य सबै माग पूरा भएकाले आन्दोलन लम्ब्याउने वा बिट मार्ने भन्ने कुरा मधेसी मोर्चाकै हातमा छ। मधेस विद्रोहले अबका दिनमा ठुलो आकार बढाउनु भन्दा घेरा खुम्च्याएर आर्थिक विकासमा लाग्नुपर्दछ। भोलिको दिनमा यहाँ फैलिएको विद्रोह पाँच वर्षअघि अरब मुलुकमा फैलिएझैं सबैतिर बिस्तार नहोला भन्न सकिन्न। त्यसैले एक ठाउँमा फैलिएको क्रान्ति निर्यात हुँदै सारा दक्षिण एसियामा प्रभाव नपार्ला भनेर भन्न पनि सकिन्न। मुलुक अहिले 'इकोनोमिक कोल्याप्स'को स्थितिमा छ। पाँच महिनाभन्दा लामो बन्दको कारण यो मुलुकले १२ खर्ब रुपैयाँभन्दा बढीको घाटा व्यहोरिसकेको छ। यति सानो मुलुकले यस्तो घाटा निरन्तर बेहोर्दै जाने हो भने देश कहाँ पुग्ला ?

बौद्धिक विलासका लागि असफल राष्ट्र भन्न नथाक्ने बुद्धिजीवीहरू र राज्यको माग पूरा नभए देश टुक्र्याउने धम्की दिने 'सेपरेटिस्ट'हरूले भुसुना ओइरिएझैं भारुको वर्षा भएसम्म देशलाई अप्ठ्यारोमा पारी नै रहने छन्। कैंची र बेल्चा विकासमा प्रयोग नभएर इहलीला सिध्याउन प्रयोग भएपछि कसको के लाग्छ ? पाएसम्म मातृभूमिमा बसेर यहीँका जनता सुकाएर मार्ने रणनीति लिएकामा तिनलाई गौरव जागेको छ।

लाखौं नेपालीले अहिले मधेसकेन्द्रित दलको इसारामा भएको भारतीय अघोषित नाकाबन्दीका कारण अनाहकमा दुःख पाएका छन्। संविधानलाई मूलमा परेर जन्मिएको मूल्याहा ठानेका छन् तराई केन्द्रित दलहरूले। यो संविधानले ०४७ सालको संविधान जस्तो संशोधन वा परिवर्तन नै गर्न हुन्नजस्तो देखाएन। १ सय २६ दिनमै संशोधन गरेर हामी सबै एउटै नाउमा छौं, नाउ डुब्यो भने सम्पूर्ण प्रजातन्त्रमाथि धक्का पुग्छ भन्ने रूपान्तरित व्यवस्थापिकाका सांसदहरूको मनसायलाई संविधान संशोधनको प्रक्रियामा सहभागिता नै नदेखाएर फेरि एक पटक संयुक्त मधेसी मोर्चाले आफूलाई अन्तै ग्रहबाट आएजस्तो ठानेको छ।

मधेस केन्द्रित राजनीतिक दलहरू संसद्लाई प्रयोग गर्ने पक्षमा छन् वा छैनन्, अबका दिनमा तिनले देखाउने गतिविधिमा भर पर्दछ। विगत पाँच महिनायता मुलुकभित्रको समस्यामा तिनीहरू कत्ति पनि संवेदनशील देखिन सकेनन्। तत्कालीन रोमका सम्राट निरोले रोम जलिरहँदा पनि मतलब नराखे जस्तै नेताहरू पनि यत्रो उथलपुथलमा जनताको मागप्रति कत्ति पनि गम्भीर बन्न सकेका पाइएन। नेपालको सार्वभौम अस्तित्वमाथि बाह्य खतरा बढिरहेको समयमा आफ्नै देशभित्रका दलहरू एकअर्कालाई सुन्नै र हेर्नै नसक्ने भएका छन्। विदेशी शक्तिसँग जोरी खोज्न सबैभन्दा पहिले मुलुकभित्रका शक्तिमा एकता हुनुपर्दछ। विभाजित राष्ट्रियताबाट मुलुकमा कहिल्यै राष्ट्रिय सहमति बन्न सक्दैन।

दलहरूले संविधान निर्माणपछि कुनै भूमिका देखाउन सकेनन्। जनताको बढ्दो आकांक्षा र तत्कालको मागलाई बेवास्ता गरेर यो समय उनीहरू भेट्नाबाट खस्न थालेका फलहरूझैं देखिँदै छन्। दलको आडमा 'क्रोनी क्यापिटालिज्म' का सूत्रधारहरू किर्ना मोटाएझैं मोटाइसकेका छन्। मेडिसिन, निजी शैक्षिक संस्था, जग्गा प्लटिङ, बैंकिङजस्तामा कतिपय जनप्रतिनिधि अल्झिन र बल्झिन पुगेका छन्। समयमै त्यस्ता सांसदहरूमाथि खबरदारी नगर्ने हो भने अबका दिनमा फाइनान्स र एनजीओको लत बसेकाहरूले मुलुकलाई सहिसलामत राख्न सक्छन्, सक्दैनन् प्रश्न नउठ्ला भन्न सकिन्न।

जनतालाई ग्याँस र तेलले यसरी सेकाइसक्दा पनि सांसदहरू जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गर्न सक्दैनन्। सरकारलाई छिमेकीले गरेको व्यवहारमा स्वेतपत्र जारी गर भन्न सक्दैनन् भने व्यापारीजस्ता देखिने दलका नेताहरूबाट जनताले के आशा गर्ने ? संविधानसभाबाट बनेको संविधानलाई दोबाटोको छ्वासलमा लगेर फाल्न खोज्ने मधेसवादी दललाई हिजोआज धृतराष्ट्र प्रिय बन्न थालेको छ। विदुरनीतिमा उसको विश्वास गएको छ। तराईको बबन्डर शान्त पार्न अहिले विदुरनीति आवश्यक देखिन्छ। तर, सौतेनी डाहा राख्ने मन्थरा प्रवृत्तिको पछि लागेर मधेसवादी दलले धेरैलाई बलिदानी गराएर आफ्नो रगतलाई रगत र अरूको रगतलाई पानी ठान्न पुगेका छन्।



२०६२/०६३ को आन्दोलन सिद्धिएपछि नेताहरूले अब कुनै पनि जनताले विद्रोह गर्नुपर्ने छैन र कसैले पनि एक थोपा आँसु र रगत बगाउनुपर्ने छैन भन्दाभन्दै संविधानसभाबाट संविधान बनेपछि पनि फेरि जनताले बलिदान दिनुपर्ने किन यस्तो अवस्था आयो ? कतै यो समस्या विगतको पञ्चायती व्यवस्थादेखि नै सही नभएर बसेको घाउ त होइन ? विगतका घटनाहरूबाट नेपालले पाठ नसिक्दाको परिणाम त होइन ? आप्रवासनको समस्या राष्ट्रिय समस्या देखिएकै कारण नेपालमा आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँसराइलाई राष्ट्रिय जनसंख्या आयोगले सन् १९८३ मा अपनत्व गरेपछि पनि यसलाई कार्पेटमुनि छोपेर राखेको परिणाम मधेस समस्या बल्झिन पुगेको त हैन ? पञ्चायती व्यवस्थाले त्यस समय दक्षिणतर्फबाट आएका आप्रवासीलाई यो मुलुकका लागि कति थेग्छ ? भनेर खुलेर राख्न सकेन। सरकारले ग्रहण गरेको प्रतिवेदनलाई त्यसबेलाको पञ्चायती सरकारले 'हर्क गुरुङ प्रतिवेदन' भनेर उम्कन खोज्यो। हर्क गुरुङलगायत थुप्रै प्राध्यापक र अनुसन्धान अधिकृतले दिएको प्रतिवेदनलाई सरकारले स्वामित्व ग्रहण गरेपछि यदि त्यस समय यसलाई तामेलीमा नराखिदिएको भए तिन दशक अगाडि नै यो समस्याको निकास मुलुकले पाइसक्ने थियो। 'अगाडि बोल्न नसक्ने पछाडि टोक्न खोज्ने' प्रवृत्तिकै कारण यो प्रतिवेदन राष्ट्रियता र राष्ट्रवादले ओतप्रोत भए तापनि भारतसँगको सम्बन्धमा असर पार्ला भनेर सरकार डरायो। परिणाम, हिजोदेखिका समस्याहरू अहिले छताछुल्ल भएर आएका छन्।

प्रजातन्त्रका लागि शान्ति, स्थिरता, सद्भाव, सुशासन, स्थायित्व र समृद्धि भएन भने मुलुक निकै ठूलो दुर्घटनामा पर्न सक्छ। त्यसैले गरिबीको साटासाटमा भन्दा बोर्डर मात्र रेगुलेट गर्न सक्यौं भने मुलुकले कोल्टे फेर्न सक्छ। तसर्थ सम्पन्न नेपालको निर्माणमा भारत बाधक होइन, सहयोगी बन्नुपर्दछ। तर, वर्तमान नाकाबन्दीले के देखाउँछ भने श्रीलंकाको द्वन्द्वमा अल्झिएको भारत अब नेपालतिर मोडिएको छ। नेपाललाई 'स्टागफ्लेसन'को अवस्थामा पुऱ्याउन कतै दक्षिणको छिमेकी नै जिम्मेवार त छैन ? मानिसहरूले रोजगारी गुमाउँदै गएका छन्। वस्तु तथा सेवाहरूको चर्को मूल्यवृद्धिले उपभोग्य वस्तुको मूल्य अकासिएको छ। सर्वसाधारणको दैनिकी कष्टमय बन्न पुगेको छ। व्यापार खस्किएको छ। उद्योगधन्दा ठप्प छन्। नेपालको प्रजातान्त्रिक सरकारले तराईको जनतामाथि कुनै भेद्भाव नगर्दा नगर्दै पनि मधेसले खस भाषा र जातिमाथि मात्र होइन, सम्पूर्ण नेपालीमाथि नालापानी किल्लामा अंग्रेजले रसदपानी बन्द गराएझैं गराउन पुगेको छ। हिंसात्मक र अहिंसात्मक आन्दोलनको साक्षी बनेको नेपाल जहिले पनि सहिष्णु बन्दाबन्दै बाहिरी शक्तिले धोती र टोपीको राष्ट्रवादमा ध्रुवीकृत बनाइदिएर पहाडी र मधेसी बनाइएको छ।

१६ वर्षअघि हृत्तिक रोशन काण्डलाई लिएर काठमाडौंमा भएको दंगालाई हेर्ने हो भने त्यो दंगा व्यर्थमा थियो। हाम्रो राष्ट्रवाद भारतीय हिरोले बोलेका कुरामा उर्लिन्छ। सीमा मिचिँदा र नाकाबन्दीमा चुइँक्क बोल्दैन। आधा वर्ष बित्न लागिसक्दा पनि मुखमा पट्टी बाँधेर यो सरकार सत्ता टिकाउने रामनामी जप्दै सिंहदरबारको बज्रघरमा लिसो टाँसिएझैं टाँसिएर बस्नमा रमाएको छ। मुलुकले यो संविधानमा तराई-मधेसलाई खुसी पार्न चार महिनाकै अवधिमा संविधानका मुख्य तिन धारामा दुई तिहाइभन्दा बढी मतले गरेको संशोधनलाई अन्यथा लिन मिल्दैन। मधेस आन्दोलनले जसरी नेपाली जनतालाई भोकै बनाएर मुलुकमा समर चलिरहेको जस्तो स्थिति पैदा गराएको छ, त्यसले तराईमा आगन्तुक र रैथानेबिच फेरि अर्को द्वन्द्व नभड्केला भनेर भन्न सकिन्न, किनकि, त्यहाँ पनि अवधि, भोजपुरी, मैथिली त छन् नि। तिनलाई एकाकार गर्ने त नेपाल र नेपाली नै हो। आखिरमा माधव घिमिरेको शब्द सापट लिएर भन्ने हो भने 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ?' यो कुरालाई नेपालका राजनीतिक दलहरूले जबसम्म बुझ्दैनन्, तबसम्म मुलुकको चोट ढुंगालाई के पर्दछ, पर्ने त मानिसलाई नै न हो। नाकाबन्दीको असर आन्दोलनको नेतृत्व लिने र सत्तामा बस्नेलाई के परेको छ, परेको त चुह्लो बाल्न नसकेका जनतालाई नै हो। कतै यसले अब अर्को भूकम्पको तरखर गरेको त छैन ?

## दक्षिण एसिया

# चुनावी कसौटीमा अमित साह

अमित साह पुन: भाजपाका अध्यक्ष बन्नुमा सायद कसैलाई आश्चर्य भएको हुनुपर्छ। प्रधानमन्त्री नरेन्द्र मोदीका विश्वास पात्र साहलाई राष्ट्रिय स्वयंसेवक संघको पनि आशीर्वाद प्राप्त छ। यसका लागि यो अपेक्षित नै थियो कि अमित साह बिहीबार लगातार दोस्रो कार्यकालका लागि निर्विरोध भाजपा अध्यक्ष चुनिए। हो, यस अवसरमा लालकृष्ण आडवाणी तथा मुरली मनोहर जोशीजस्ता दिग्गजको अनुपस्थितिले अवश्य केही राजनीतिक सन्देश दिएको छ। त्यसो त भाजपा अध्यक्षका रूपमा उनको यो पूर्ण कार्यकाल पहिलो नै हुने छ। २०१४ मा केन्द्रीय गृहमन्त्री बनेपछि राजनाथ सिंहद्वारा राजीनामा दिएपछि अध्यक्ष पद सम्हाल्ने साह अझै उनको बाँकी कार्यकाल पूरा गरिरहेका छन्। उनको यो कार्यकाल मिलीजुली परिणामवाला रहेको छ। महाराष्ट्र, हरियाणा, जम्मु-कास्मिर तथा झारखण्डजस्ता राज्यका विधानसभा चुनावमा उनको नेतृत्वमा भाजपाले जबर्जस्त सफलता हासिल गऱ्यो। तर, दिल्ली र बिहारमा भएका दुर्दशाले उनको चमक फिक्का गरिदियो।

गुजरातमा नरेन्द्र मोदीका मुख्यमन्त्रित्वकालमा मन्त्री रहेका अमित साहको पहिचान एक कुशल संगठकको पनि छ। लोकसभा चुनावको ठिक अगाडि साहलाई उत्तर प्रदेशका प्रभारी बनाइएको थियो, जहाँ ८० मा ७३ सिटमा मिलेर अप्रत्यासित जितले रातारात उनलाई कुशल रणनीतिकार बनाइदियो। भन्न सकिन्छ कि उनलाई भाजपा अध्यक्ष बन्नका लागि यसैले मार्ग प्रशस्त गरिदिएको छ। अब जबकि उनले भाजपा अध्यक्षको रूपमा आफ्नो दोस्रो कार्यकाल सुरु गर्ने छन्, उनको सबैभन्दा कडा चुनौती तथा कसौटी पनि उत्तर प्रदेश नै साबित हुने छ। अमित साहका चुनावी चुनौतीहरू यस वर्ष पश्चिम बंगाल, असम, केरला तथा तमिलनाडुमा विधानसभा चुनावबाटै सुरु हुने छन्, तर यी राज्यमा भाजपा ठूलो राजनीतिक शक्ति नहुनुका कारण निराशाजनक परिणामबाट पनि उसको छविमा खासै असर पर्ने छैन। तर, आउने वर्ष हुनेवाला उत्तर प्रदेश, उत्तर प्रदेश, उत्तराखण्ड, पन्जाब तथा गोवाका विधानसभा चुनावमा यदि भाजपाले अपेक्षित प्रदर्शन गर्न सकेन भने साह आफ्नो जिम्मेवारी र जवाफदेहीबाट बच्न सक्ने छैनन्, यसको असर मोदीसम्म पनि पर्ने छ।

गोवामा भाजपाको आफ्नै सरकार छ, तब पन्जाबमा ऊ शिरोमणि अकाली दलका साथ सरकारमा सहभागी छ। यसबिच विधानसभा चुनाव उनको र मोदीको गृहराज्य गुजरातमा पनि हुने छ, तर त्यहाँ कुनै ठुलै उलटपुलटको आशा छैन। निश्चित भएर बढ्नुपर्छ कि आउने लोकसभा चुनाव पनि साहकै अध्यक्षतामा लडिने छ। त्यसो त उनको कार्यकाल २०१९ को पहिलो महिनासम्म हुने छ तर ऐनले लोकसभा चुनावभन्दा पहिले नै नयाँ अध्यक्ष चुन्नका लागि भाजपा उनकै कार्यकाल बढाउन सहमत हुने छ। त्यसो त मोदी सरकार र भाजपाको हिन्दूत्व मिश्रित विकासका योजना प्रस्ट छन्, बाँकी तस्बिर अमित साहको नयाँ टिमबाट प्रस्ट हुने छ।

*(भारतबाट प्रकाशित 'दैनिक ट्रिब्युन'को सम्पादकीय)*

## ❑ अनुरोध

***राजधानी* राष्ट्रिय दैनिक सदैव पाठकको सेवामा समर्पित छ। हाम्रो प्रयास तपाईंलाई कस्तो लागिरहेको छ ? तपाईंका गुनासा, आलोचना र सुझावले *राजधानी*लाई स्तरीय बन्न र सही बाटोमा हिंड्न अभिप्रेरित गर्छ। त्यसैले, हामी तपाईंको रचनात्मक आलोचना र अमूल्य सुझावको अपेक्षा गर्छौं, कृपया लेख्नुहोस्। र, लेख्नुहोस् मुलुकका समसामयिक घटनाक्रमप्रतिको आफ्नो सटीक प्रतिक्रिया। लेख रचनासँगै आफ्नो स्पष्ट परिचय र तस्बिर पनि पठाउनुहोला।**

**लेख तथा प्रतिक्रियाका लागि**

इमेल : merobichar@gmail.com

फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

## छोटकरी

### चालकरहित विमान आक्रमणमा ६ को मृत्यु

**काबुल/एएफपी–** अफगानिस्तानको पूर्वी प्रान्त नान्गार्हारमा अमेरिकासँग आबद्ध सेनाले गरेको हवाई आक्रमणमा कम्तीमा ६ जना इस्लामिक स्टेट्स (आईएस) आतंककारीको मृत्यु भएको समाचार छ।

अफगानिस्तानको प्रतिरक्षा मन्त्रालयले मंगलबार सो जानकारी दिएको छ। आचिन जिल्लाको बरो कली गाउँ र बआन्दार इलाकामा लुकेर बसेका आईएस आतंककारीलाई लक्ष्य गरी संयुक्त सेनाले चालकरहित विमानले आक्रमण गरेको सो मन्त्रालयद्वारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ।

पाकिस्तानको सीमा क्षेत्रमा रहेको अफगानिस्तानको पहाडी जिल्ला आचिनमा आईएस लडाकु र अफगान सुरक्षाबलबिच गत दुई महिनायतादेखि नै झडप जारी रहेको छ। यस हवाई आक्रमणको आईएस समूहले भने केही टिप्पणी गरेको छैन।

### सहकर्मीद्वारा अफगान प्रहरीको हत्या

**कान्दाहार/एएफपी–** अफगानिस्तानको दक्षिणी प्रान्त उरुज्गानमा मंगलबार बिहान एक अफगान प्रहारीले आफ्ना १० सहकर्मीको हत्या गरेको समाचार छ। सरकारी अधिकारीले मंगलबार नै सो जानकारी दिएका छन्। ती प्रहरीले पहिला १० सहकर्मीलाई विष खुवाएको र पछि पुनःगोली प्रहार गरेको जनाइएको छ।

### पुपुवा न्युगिनीमा भूकम्प

**हङकङ/एएफपी–** पुपवा न्यु गिनीमा मंगलबार ५.८ रिक्टर स्केलको भूकम्प गएको समाचार छ। पुपुवा न्युगिनीको टरोनदेखि ९६ दक्षिणमा सो इलाकामा सो भूकम्पले बढी प्रभावित भएको जनाइएको छ।

सो भूकम्पबाट मानवीय सम्पत्ति क्षतिको हालसम्म कुनै समाचार प्राप्त नभएको बताइएको छ। पपुवा न्युगिनीमा बारम्बार भूकम्पको प्रकोपले सताउने गरेको पाइन्छ।

### संयुक्त सरकारको प्रस्ताव अस्वीकृत

**बेंघाजी/एएफपी–** अन्तर्राष्ट्रिय समर्थन प्राप्त लिबियाली संसद्का एक सदस्यले संसद्बाट संयुक्त राष्ट्रसंघद्वारा अघि सारिएको संयुक्त सरकारको प्रस्तावलाई अस्वीकार गरेको छ। संसद्को अधिवेशन बैठकमा सोमबार उपस्थित १४० सांसद सदस्यमध्ये ९० जनाले प्रस्तावको विपक्षमा मतदान गरेको लिबियाली सांसद ऐसा अल अरेबीले बताए।

त्यसैगरी ८४ सदस्यले राजनीतिक सहमतिका विरुद्ध मतदान गरेका पनि उनले बताए। गएको केही महिनादेखि संयुक्त राष्ट्रसंघको पहलमा भएको वार्तापछि संयुक्त सरकार र राजनीतिक सहमतिका लागि सरकार र प्रतिपक्षका केही नेता संयुक्त राष्ट्रसंघको मध्यस्थतामा नयाँ सरकार बनाउन सहमत भएका थिए।

लिबियामा लामो समय सत्ता सम्हालेका तानाशाह मोहमर गद्दाफीलाई सन् २०११ मा सत्ताबाट पदच्युत गरिएपछि यहाँको राजनीतिमा समस्या देखिँदै आएको छ।

# भारतले मनायो ६७औं गणतन्त्र दिवस



**एजेन्सी**
नयाँ दिल्ली, १२ माघ

भारतको राजधानी नयाँ दिल्लीमा मंगलबार ६७औं गणतन्त्र दिवस विशेष समारोहको आयोजना गरी मनाइएको छ।

विशेष कार्यक्रमका साथै कडा सुरक्षा व्यवस्थाका साथ राजधानीमा सो कार्यक्रमको आयोजना गरिएको हो।

राजधानीको मध्य भू-भागमा रहेको राजपथमा यो कार्यक्रमको आयोजना गरिएको थियो। सो कार्यक्रममा भारतीय र फ्रान्सेली सैनिकले संयुक्त सैन्य अभ्यास पनि गरेका थिए।

भारतको स्वतन्त्रता दिवसको यस विशेष कार्यक्रमको विशेष अतिथिमा फ्रान्सेली राष्ट्रपति फ्रान्कोइस होलेन्डे रहेका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीले उनलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरेका हुन्।

समारोहमा दुवै देशका प्रधानमन्त्रीले आतंकवादलाई परास्त गर्ने प्रतिबद्धता गरे। दक्षिण एसियाली मुलुक भारत बारम्बार आतंकाकारी आक्रमणको चपेटमा परेको छ। पछिल्लो पटक अतिवादी मुस्लिम समूहले समेत भारतमा आक्रमण गर्ने चेतावनी दिएको छ। भारतको मुम्बईमा सन् २००८ मा भएको आतंककारी हमलामा परी कम्तीमा पनि १६६ जनाको हत्या गरिएको र गत नोभेम्बर महिनामा फ्रान्सको राजधानी पेरिसमा यस्तै आतंककारी हमला भएको थियो।

पेरिसमा भएको अतिवादी हमलामा १३० जना मारिएका थिए। सो आतंककारी हमलाको विरोध गर्दै फ्रान्सप्रति ऐक्यबद्धता जनाउन राष्ट्रपति होलेन्डेलाई प्रमुख अतिथि बनाइएको हो।

भारतमा दुई साताअघि पठानकोटको एक हवाई सुरक्षा केन्द्रमा पनि आतंककारी हमला भएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति अल्यान्डले आतंकवादका विरुद्धमा लड्न हालै मात्र ऐक्यबद्धता जनाएका छन्।

दुई देशका नेताहरूबिच सोमबार भएको द्विपक्षीय भेटवार्तामा आतंवादका विरुद्धमा एक भएर लड्ने विषयमा सहमति भएको थियो।

मंगलबारको कार्यक्रममा भारतीय सेनाले विभिन्न कलाकौशल प्रदर्शन गरेका थिए। हजारौं जना सर्वसधारणले सो कार्यक्रम हेरेका जनाइएको छ। भारतीय सुरक्षकार्मीले त्यहाँको सुरक्षा व्यवस्था निकै कडा पारेका बताइएको छ। यसै समारोहलाई मध्यनजर गरी सुरक्षामा कडाइ गराइएको हो।

# आईएस विद्रोहीद्वारा मारिएका मानिसको सामूहिक चिहान फेला

**एएफपी**
बग्दाद, १२ माघ

इराकको सुरक्षा बलले आईएस विद्रोहीद्वारा मारिएका १८ जनाको सामूहिक चिहान सोमबार फेला परेको प्रहरीले जनाएको छ।

रमादीको मध्य भू-भाग अल जानियामा भेटिएको सो चिहानबाट १८ जनालाई उद्धार गरिसकिएको छ भने यसवरिपरि करिब ४० जनाको शव गाडिएको आशंकामा प्रहरीले खाजी कार्य जारी राखेको प्रहरी अधिकारी अब्दुल करिमले बताए।

रमादीलाई आईएस विद्रोहीले सन् २०१४ यता आफ्नो नियन्त्रणमा लिँदै आएकामा इराकी सुरक्षा फौजले केही समय पहिले मात्र यसलाई सरकारी फौजको नियन्त्रणमा ल्याएको हो। रमादी आफ्नो कब्जामा लिएपछि इराकस्थित आईएस समूहले पटक पटक सरकारी सुरक्षाकर्मी तथा सर्वसाधारणको ठुलो संख्यामा हत्या गर्ने गरेका छन्।

सरकारी सुरक्षाफौजले लामो समयको कारबाहीपश्चात् इराकको रमादी र यसको प्रान्तीय केन्द्रलाई नियन्त्रणमा लिए पनि जिहादी विद्रोहीले प्रान्तीय राजधानीवरपरका केही क्षेत्रमा पुनःकब्जा जमाएको प्राप्त समाचारमा उल्लेख छ।

अनवर प्रान्तीय परिषद्का प्रमुख सवाह कारहौटले उद्धार गरिएका अधिकांश लास गोली हानी वा गर्धन काटी मारिएका अवस्थामा पाइएको बताए। आईएसले हालै मात्रै इराकी सुरक्षाफौजसँगको झडपमा ठुलो क्षति बेहोरेको र आफ्नो आश्रयस्थल बनाउँदै आएको रमादीबाट पछि हट्न बाध्य भएको हो।

# अमेरिकी विदेशमन्त्री र कम्बोडियाली नेताबिच भेट



**नोम्पेन्ह/एएफपी–** अमेरिकी विदेशमन्त्री जोन केरी र कम्बोडियाली नेता हुन सेनबिच भेटवार्ता भएको समाचार छ।

भेटका क्रममा कम्बोडियाले आर्थिक सुधारका क्षेत्रमा गरेको प्रगतिको विदेशमन्त्री केरीले प्रशंसा गरेका थिए।

नेता हुन सेनको नेतृत्वमा कम्बोडियामा ठुलो आर्थिक सुधार एवं राजनीतिक स्वतन्त्रताका पक्षमा धेरै काम भएको विदेशमन्त्री केरीले बताएका थिए।

कम्बोडियामा खमेर रुजको क्रुर शासनको अन्त्यसँगै सुधारका क्षेत्रमा अघि बढेको हो। सो देश हाल दक्षिणपूर्वी एसियाको एक द्रुत गतिमा विकास भएको देशका रूपमा चिनिएको छ।

विदेशमन्त्री केरी लाओसबाट मंगलबारै कम्बोडिया पुगेका हुन्। उनले नेता हुन सेनसँगको भेटमा सो देशको आर्थिक विकासको प्रशंसा गरेका हुन्। खमेर रुजको शासनको अन्त्यपछि सन् १९७० को दशकको मध्यतिरबाट कम्बोडियामा सुधारका कार्य सुरु भएको हो।

# वैज्ञानिकले बनाए स्तन बढाउने ई–ब्रा

**एजेन्सी**
लन्डन, १२ माघ

महिलाको स्तनको आकारलाई एक सातामा नै अप्रत्यासित रूपमा वृद्धि गर्ने दावी गरिएको अनौठो भाइब्रेट ब्राको अमेरिकामा परीक्षण भइरहेको समाचार छ। यो विद्युतीय ब्रा लगाएपछि महिलाको स्तन विनाकुनै शल्यक्रिया ह्वात्तै बढ्ने दाबी गरिएको छ। ई-ब्रा नाम दिइएको यस ब्रालाई दुईजना अमेरिकी महिलामाथि परीक्षण गरिएको बताइएको छ। सर्बियाली डिजाइनर सबिन मिलन मिलिसले ई-ब्राको अवधारण ल्याएका हुन्।

आफ्ना प्रेमिकाले ठुलो स्तनको रहर गरेपछि मिलानले सो ब्राको अवधारणा ल्याएको बताइन्छ। भाइब्रेटिङ ब्राको नमुना बनाउनुअघि मिलाने यस विषयमा महिनौं अनुसन्धान गरेका थिए। ३० वर्षीय मिलनले सो उपकरणले महिलाको स्तन एउटा कपको आकार बराबर वृद्धि हुने



र स्तनलाई पुष्ट बनाउने दाबी गरे। ब्राले क्लिनिकल परीक्षण पास गरेमा यसले विश्वका लाखौं महिलाको पुष्ट छाती बनाउन सहयोगी सिद्ध हुनेछ। साथै पीडादायी स्तन शल्यक्रियाको झन्झट पनि सोच्नुपर्ने छैन।

मिलानले सर्बियाबाट ई-ब्रालाको अवधारण ल्याएका हुन्। युरोपमा समेत परीक्षण गरिएको यो ब्रा त्यहाँ सोचेजस्तो सफल नभएको बताइन्छ। तर, अमेरिकामा भने चिकित्सकको रोहबरमा एक ४९ वर्षीया महिलाले केबल सात दिनसम्म १५ मिनेट लगाउँदा बीबाट सी कपमा वृद्धि भएको प्राप्त समाचारमा जनाइएको छ। कस्मेटक सर्जन डा. मिचेल सालजेउर सो ब्रा लगाएपछि स्तन बढेको दाबी गरे। ब्राको परीक्षण गर्ने महिला स्नाबिनाले सात दिनसम्म दिनमा पाँच मिनेट तिन पटक ब्रा लगाउँदा स्तनको आकार एक कप बराबर वृद्धि भएको बताइन्।

छोटो समयमा नै स्तनको आकार वृद्धि गर्ने ब्रा वास्तवमै जादुमय भएको उनको कथन छ। 'शल्यक्रियाका कारण मेरो स्तनका दुवै आकार फरक फरक थिए। तर, ई-ब्रा लगाउन थालेपछि आकार समान भएको छ,' उनले भनिन्।

'ब्रा लगाएर ब्युँतदा साह्रै असजिलो लाग्यो। किनकि ब्युँतदा स्तन बढेर निकै ठुला भएका रहेछन्, बानी नपरेको भएर केही दिन निकै असहज भएको उनको भनाइ छ।


**सशस्त्र प्रहरी बल प्रधान कार्यालयको सूचना**

**विभिन्न कार्यालय दरबन्दीका निम्न सशस्त्र प्रहरी कर्मचारीहरु विभिन्न मितिदेखि कार्यालयमा हाजिर हुन नआई कोही कसैलाई कुनै किसिमको जानकारी समेत नगराई हालसम्म कार्यालयमा गैर हाजिर रहेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आउनुहोला। अन्यथा तपाईहरु उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम सेवाबाट हटाउनेतर्फ आवश्यक कारवाही भई जाने व्यहोरा सूचित गरिएको छ।**

**निम्न**

१. जिल्ला लमजुङ, बाहुनडाँडा-७ बस्ने भुवनसिंह अधिकारीको नाति, नरबहादुर अधिकारीको छोरा, मद्दती तथा सेवा निर्देशनालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय दरबन्दी भई कम्प्युटर शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा कार्यरत आई.डि.नम्बर ४८८९८ का सशस्त्र प्रहरी जवान युद्धबिर अधिकारी मिति २०७२/०९/१९ गते हाजिर हुने गरी दिन २५ (पच्चीस) घर बिदा गएकोमा कुनै किसिमको सम्पर्कमा नआई हालसम्म कार्यालयमा गैर हाजिर रहेको।

२. जिल्ला धादिङ, सेतुङ्ग गा.वि.स. वडा नं.-१ बस्ने लक्ष्मी तामाङ्गको नाति, छरोङ्ग तामाङ्गको छोरा, सशस्त्र प्रहरी बल दन्तकाली गण बरमझिया, सप्तरी दरबन्दी भई सशस्त्र प्रहरी बल सुरक्षा बेस कडरवोना, सप्तरीमा कार्यरत आई.डि.नम्बर ५६८०४ का सशस्त्र प्रहरी जवान छिरिङ्ग तामाङ्ग मिति २०७२/०९/१९ गते कोही कसैलाई कुनै किसिमको जानकारी नगराई आफूखुशी लाइन ब्यारेक छाडी गएकोमा कुनै किसिमको सम्पर्कमा नआई हालसम्म कार्यालयमा गैर हाजिर रहेको।



**तल्लो चेपे खोला जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) प्रतिवेदनमा राय सुझावको लागि सार्वजनिक सूचना**

(दोस्रो पटक प्रकाशित मिति : २०७२/१०/१३)

विद्युत विकास विभागद्वारा चेपे खोलामा तल्लो चेपे खोला जलविद्युत आयोजना प्रस्ताव गरिएको छ। यस आयोजना अन्तर्गत लमजुङ जिल्लाको इलामपोखरी तथा गोरखा जिल्लाको हंसपुर गा.वि.स. को सिमाना रहेको चेपे खोला तथा ओडेरी खोलाको दोभान भन्दा करिब २०० मीटर तल चेपे खोलामा ४.५ मीटर उचाईको डाइभर्सन वायर (बाँध) बनाई खोलाको पानीलाई करिब २२२९ मी. लम्बाई भएको सुरुङ तथा ७१४ मी लामो नहर मार्फत फोरबेमा लगी २२० मी. लामो पेनस्टक पाइपद्वारा विद्युत गृहमा खसाली ८.७४ मेगावाट विद्युत उत्पादन गर्ने प्रस्ताव गरिएको छ। यस आयोजनाबाट लमजुङ जिल्लाको इलामपोखरी तथा गोरखा जिल्लाको हंसपुर तथा केराबारी गा.वि.स. हरु प्रभावित हुनेछन्।

उक्त प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावहरुको बारेमा प्रभावित जिल्ला विकास समितिको कार्यालय, गाउँ विकास समिति, विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा तल उल्लेखित ठेगानामा आई पुग्ने गरी रायसुझाव उपलब्ध गराई दिनुहुनको लागि वातावरण संरक्षण नियमावली, २०५४ को ७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण मस्यौदा प्रतिवेदनको नेपाली सारांश अध्ययन गर्न वा आफैंले उतार गरी लैजानको लागि प्रभावित गा.वि.स. को कार्यालयहरुमा राखिएको छ। साथै प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण मस्यौदा प्रतिवेदन आफैंले अध्ययन गर्न वा उतार गरी लैजानको लागि लमजुङ जि.वि.स. को कार्यालय, जिल्ला वन कार्यालय लमजुङ, गोरखा जि.वि.स. को कार्यालय, विद्युत विकास विभागको कार्यालय तथा सिल्ट कन्सल्ट प्रा.लि. को कार्यालयमा राखिएको व्यहोरा अनुरोध छ।

**रायसुझाव पठाउने ठेगाना**

**नेपाल सरकार, ऊर्जा मन्त्रालय**
विद्युत विकास विभाग
अनामनगर, काठमाण्डौ
फोन नं. : ०१-४४८०४२५
फ्याक्स नं. : ०१-४४८०३५७
इ-मेल : info@doed.gov.np

**सिल्ट कन्सल्ट प्रा. लि.**
**जे.भी.इ.आर.एम.सि. प्रा. लि.**
रातोपुल, काठमाण्डौ
फोन नं. : ०१-४४८७४९८, ४४७४१३९, ४४६०९७१
फ्याक्स नं. : ०१-४४७३४७३
इ-मेल : silt@mos.com.np, safe@ermc.wlink.com.np



**सूचना**

जिल्ला झापा ज्यामिरगढी गाविस वार्ड नं-७, खवास गाउँको सञ्जीव शाहा, बेबी रौनीयार र खेम प्रसाद पोखेलको नाममा रहेको कि नं. ५३२, ८८० र ५३१ मा प्लाइउड उत्पादन गर्ने उद्देस्यको उद्योग स्थापना पुजी, क्षमता वृद्धि परिवर्तन गर्न लागिएको हुदाँ उपरोक्त उदेस्यले त्यस क्षेत्रको सामाजिक, आर्थीक, सांस्कृतीक, भौतीक, रसायनीक र जैविक पक्षमा पार्नसक्ने प्रभाव सम्बन्धमा यो सुचना प्रकासित भएको मितिले १५ पन्ध्र दिन भित्रमा तपसितलको स्थानमा लिखित राय सुझाव दिनहुन यो सूचना प्रकासित गरिन्छ।
१ सम्बन्धित गाविसको कार्यालय ज्यामिरगढी झापा।
२ सम्बन्धित जिल्ला स्तरीय घरेलु तथा साना उद्योगको कार्यालय, भद्रपुर झापा

**प्रस्तावक**
**संजीवनी प्लाइउड उद्योग प्रालि**
ज्यामीरगढी ७ झापा



**वर्गीकृत डिस्प्ले**

**सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२**
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/७/१७ गते बाँकेको नेपालगन्जको पुष्पलालचोकदेखि धम्बोझीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : स्वार सिंह सुनार
राहदानी नं.: ०८८३९१५४
ठेगाना : लेखपर्सा-४, सुर्खेत
सम्पर्क : ९८१६५७२०२२

**शिसा पसल बिक्रीमा**
भक्तपुर सूर्यविनायक चोकमा रहेको विगत २२ वर्षदेखि सञ्चालित, चालुअवस्थाको राम्रो अनि व्यस्त शिसा पसल बिक्रीमा छ।
सम्पर्क : ०१ ६६१५०७९, ९८४१३५८२१४, ९८१८४९७१२८

**आवश्यकता**
नेपाली खाजाघर को लागि निम्न कर्मचारीहरु आवश्यकता भएकोले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।
कुक - १ लेडिज हेल्पर- १
सम्पर्क: ९८४३१३७४३५, ९८६०६४७५२९
बनस्थली, नागार्जुन न.पा. राधाकृष्ण मन्दिर नजिक

**राहदानी हरायो**
मिति २०७२/७/१७ गते बर्दियाको ढोढरीदेखि गुलरियासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सूर्य बहादुर चौधरी
राहदानी नं.: ०८०५८४७५
ठेगाना : ढोढरी-९, बर्दिया

**राहदानी हरायो**
मिति २०७२/९/२५ गते चापागाउँदेखि लगनखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : राज रुयाङ्तान
राहदानी नं.: ५३०५३०८३
ठेगाना : चौहारे-०७, ललितपुर
सम्पर्क : ९८६११९४२९०

**राहदानी हरायो**
मिति २०७२/०९/२५ गते अनामनगरदेखि भक्तपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु हुन अनुरोध गर्दछु।
नाम थर: प्रमिला कुलुगु प्रधानाङ्ग
राहदानी नं.: ४५४६११८
ठेगाना : भक्तपुर-४, भक्तपुर

**राहदानी हरायो**
मिति २०७२/९/१० गते गैडाकोट चौकिदेखि जनका उच्च चोकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : गुकदेव घिमिरे
राहदानी नं.: ०७९१२१७५
ठेगाना : गैडाकोट-५, नवलपरासी

**राहदानी हरायो**
मिति २०७२/७/१२ गते कांग्रेस चोकदेखि धुम्सीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : तोय राम ढकाल
राहदानी नं.: ०७८२०९८४
ठेगाना : गैडाकोट-१६ नवलपसारी

**वर्गीकृत डिस्प्ले २५०**
वर्गीकृत विज्ञापन प्रति शब्द रु ५/-

